जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पवित्र बन्धन हो,
विवाहलाई लेनदेनको विषय नबनाऔं,
विवाहमा दाईजो लिने र दिने काम नगरौं,
दाईजोको कारण हुने हिंसा अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ •अंक ३४३ • २०८२ साल बैशाख २७ गते शनिवार (10 May, Saturday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## आपतकालीन स्थानको पहिचान गर्न आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम। भारतको नयाँ दिल्लीस्थित नेपाली दूतावासले कश्मीरमा भएको आतंकवादी हमलापछि विकसित घटनाक्रमलाई मध्यनजर गर्दै संकटकालीन अवस्थामा आपतकालीन सेवा प्राप्त हुन सक्ने स्थानको पहिचान गर्न आग्रह गरेको छ।

दूतावासले शुक्रबार सूचना जारी गर्दै भारत सरकारको आधिकारिक निकायबाट जारी भएका सुरक्षासम्वन्धी निर्देशनहरुको पालना गर्न समेत आग्रह गरेको छ।

'भारतको जम्मू-कश्मीर राज्यको पहलगाममा भएको आतंकवादी हमलापछि विकसित घटनाक्रमलाई मध्यनजर गर्दै भारतमा रहेका नेपालीहरुलाई सचेत र सुरक्षित रहन एवं संकटकालीन अवस्थामा सुरक्षित र आपतकालीन सेवा प्राप्त हुन सक्ने नजिकको स्थानको पहिचान गर्न तथा भारत सरकारको आधिकारिक निकायबाट जारी भएका सुरक्षा सम्वन्धी निर्देशनहरुको पालना गर्न नेपाली राजदूतावास, नयाँदिल्ली अनुरोध गर्दछ,' सूचनामा भनिएको छ।

त्यस्तै आपतकालीन अवस्था आएमा ।जदूतावासमाका विभिन्न नम्बरमा सम्पर्क गर्न समेत आग्रह गरिएको छ।

## जसपा नेपाल धनुषामा पनि चुनाव हुने

# ७ पदाधिकारी र ५० सदस्य पदका लागि आज मतदान

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्ता बाहिर रहेको जनता समाजवादी पार्टी (जसपा)नेपालको धनुषा जिल्ला नेतृत्वका लागि शनिवार मतदान हुने भएको छ।

जसपा नेपालले राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको वर्ष दिन भित्र जिल्लाको अधिवेशन सम्पन्न गर्न लागेको छ।

जिल्ला अधिवेशनको विहीवार उद्घाटन समारोह सम्पन्न भएपछि शुक्रवार बन्द सत्र सम्पन्न भएको जिल्ला अध्यक्ष पशुपति यादवले जनाएका छन्।

एमालेले धनुषा जिल्ला नेतृत्व चयन गर्न गत मंगलवार कुटाकुट गरेको महेन्द्रनारायण निधि स्मृति भवनमा जसपा नेपालको चुनावी प्रकृया सुरु भएको छ।

जिल्लाको ७ पदाधिकारी र ५० जना सदस्य समेत ५७ पदका लागि शुक्रवार उम्मेदवारी दर्ता गरिएको छ ।निर्वाचन समितिका संयोजक रामअशिष यादवले जनाए अनुसार शनिवार दिउँसो ३ बजेदेखि मतदानको समय निर्धारण गरिएको छ।

उनले जनाए अनुसार अध्यक्ष १, उपाध्यक्ष २, सचिव १, सहसचिव २ र कोषाध्यक्ष १ गरी ७ जना पदाधिकारीमा र २५ जना खुल्ला र २५ जना आरक्षितगरी ५० जना सदस्य पदका लागि उम्मदेवारी परेको छ।

'पार्टीको विभिन्न पदहरुमा उम्मेदवारी दिएका नेताहरुबीच सहमतिको प्रयासपनि भइरहेको छ ' उनले भने, उम्मेदवारहरुबीच सहमति हुन नसके मतदानबाट नेतृत्व चयन हुनेछ।

यादवको संयोजकत्वमा महाजन यादव, चन्देश्वर सदा, सीता यादव र प्रेमचन्द्र झा सदस्य रहेको निर्वाचन समितिले काम सुरु गरिसकेको छ ।राति उम्मेदवारहरुको नामावली सार्वजनिक गरिएको छ।

अध्यक्ष पदमा ५ जनाले प्रतिष्पर्धा गर्ने भएका छन् । वर्तमान अध्यक्ष पशुपति यादव, गत चुनावमा प्रतिपष्धी रहेका सत्रुधन यादव र चन्देश्वर महतोले फेरी अध्यक्ष पदमा उम्मेदवारी दिएका छन् ।मुखियापट्टी मुसरनिया गाउँपालिकाका अध्यक्ष जयकुमार यादव र अक्षय कुमार यादवले उम्मेदवारी दिएको निर्वाचन समितिका संयोजक यादवले जनाएका छन्।



त्यसैगरि २ जना उपाध्यक्षका लागि जिवछ यादव, ललित कुमार मण्डल, दिनेश प्रसाद यादव, राम पुकार यादव, राम शंकर पासमान र अब्दुल मनान राईनले उम्मेदवारी दर्ता गराएका छन्।

१ जना सचिवका लागि ७ जनाले उम्मेदवारी दिएका छन् ।सचिवमा उम्मेदवारी दिनेहरुमा सीताराम यादव, राम एकवाल शर्मा, राम नारायण कापरी, धमेन्द्र कुमार गोइत, उमेश प्रसाद महतो, संजय कुमार यादव र दिपेन्द्र कुमार कापरी रहेका छन्।

२ जना उपसचिव पदका लागि राम बिहारी यादव, श्याम कुमार राउत, सीता कुमारी देवी मण्डल, बेचन महतो, शशि चन्द्र यादव र दिनेश महतोको उम्मेदवारी दर्ता भएको निर्वाचन समितिले जनाएको छ । १ जना कोषाध्यक्षका लागि ३ जनाले मात्र उम्मेदवारी दिएका छन् ।कोषाध्यक्षमा सुजिता यादव, मो.नजमुद्दिन अंसारी र अशोक कुमार यादवको उम्मेदवारी दर्ता भएको छ।

आरक्षित समेत ५० सदस्यका लागि हुने चुनावमा ६६ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

जसपा नेपालमा उम्मेदवारी दिनेको संख्या कम रहेको बताइन्छ ।निर्वाचन समितिका अनुसार धनुषामा कुल ३ सय ३१ जना मतदाता रहेका छन् ।त्यस मध्ये ९३ जनाले उम्मेदवारी दर्ता गराएका छन् । ७ जना पदाधिकारीका लागि २७ जनाको उम्मेदवारी परेको छ ।त्यस मध्ये कोषाध्यक्षमा १ जना महिला सुजिता यादवले मात्र उम्मेदवारी दिएकी छन् ।समानुपातिक र समावेशीको लागि लड्ने जसपा नेपालमा भने त्यसको अभ्यास हुन अझै समय लाग्ने देखिन्छ।

नेकपा एमालेमा उम्मेदवारी दर्ता सम्मको प्रकृया शान्तिपूर्ण ढंगले भए पनि उम्मेदवारको नामावली सार्वजनिक गर्नेमा धाँधली गरिएपछि विवाद चर्किएको र कुटाकुट भएको थियो ।आधा दर्जन नेताहरुको टाउको र अन्य भाग फुटेको छ ।साधारण चोटपटक त धेरैलाई लागेको थियो।

त्यसबाट जसपा नेपालका नेताहरु सतर्क देखिएका छन् ।निर्वाचन समितिका संयोजक रामअशिष यादवले जनाए अनुसार नेताहरुबीच सहमति भए बाहेकको अवस्थामा चुनाव पूर्ण निष्पक्ष रुपमा सम्पन्न गराइनेछ।

उम्मेदवारी दर्ता, नामावली प्रकाशन, दावी विरोध, उम्मेदवारी फिर्ता र अन्तिम नामावली प्रकाशनको प्रकृया निर्धारित समयमा नै सम्पन्न हुने संयोजक यादवले बताए।

जिल्ला अधिवेशन उद्घाटनका लागि जनकपुरधाम आएका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव शुक्रवारको बन्द सत्रमा पनि सहभागी भएका थिए।

उनीसँगै उपाध्यक्ष लालबाबु राउत लगायतका नेताहरु बन्द सत्रमा सहभागी भएका थिए ।जिल्ला नेतृत्व चयन नभए सम्म अध्यक्ष यादव जनकपुरधाममै रहने बताइएको छ।

पछिल्लो पटक भएको जिल्ला अध्यक्षको चुनावमा शान्तिपूर्ण ढंगले मतदान र नतिजा सार्वजनिक भएको थियो ।यस पटक पनि चुनावबाट नै नेतृत्व चयन भए पनि शान्तिपूर्ण रुपमा हुने नेताहरुले दावी गरेका छन्।






जनकपुर टुडे



# ‘वन्यजन्तु संरक्षणमा संरक्षणकर्मी र स्थानीयको योगदान अतुलनीय’

काठमाण्डु । नेपाली कांग्रेसका सांसद सञ्जयकुमार गौतमले वन्यजन्तु संरक्षणमा संरक्षणकर्मी र स्थानीयवासीको योगदान अतुलनीय रहेको बताउनुभएको छ। तर त्यसबापत पनि उनीहरुले यातना र दुःख मात्रै पाइरहेको उहाँले उल्लेख गर्नुभयो।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा सांसद गौतमले वन्यजन्तुको आक्रमणबाट नागरिकले अनाहकमा ज्यान गुमाउनुपर्ने अवस्था अन्त्य गर्न विशेष योजना ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो। गत मङ्सिरयता मात्रै बर्दियामा चितुवाको आक्रमणबाट दुई जनाको मृत्यु हुनाका साथै ११ जना घाइते भएका उहाँले सदनलाई जानकारी गराउनुभयो।

सांसद गौतमले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा मध्यवर्ती क्षेत्रका जनताको जीउधनको कसरी सुरक्षा गर्ने भन्ने कुनै विषय समावेश नभएकामा असन्तुष्टि व्यक्त गर्नुभयो। राष्ट्रिय निकुञ्ज वरपर ‘बफर जोन’मा रहेका गाउँबस्तीलाई सुरक्षित बनाउन तारबार बनाउन आफूले बारम्बार सरकारको ध्यानाकर्षण गराउँदै आए पनि त्यसर्फ सरकारको ध्यान जान नसकेको गुनासो गर्नुभयो।“बर्दियामा जङ्गली जनावरको आतङ्कबाट जनजीवन अस्तव्यस्त बनेको छ। स्थानीय हात्ती, बाघ र गैँडाको आक्रमणले त्रासमा छन्। सरकार यो विषयमा गम्भीर छैन”, सांसद गौतमले भन्नुभयो।

कांग्रेस सांसद विनोद चौधरीले आगामी बजेटमा नयाँ योजना थप्नुभन्दा पनि निर्माणाधीन आयोजना सम्पन्न गर्न स्रोतको विनियोजन गर्न सुझाव दिनुभयो। “राजस्व घट्दो छ, सरकारसँग स्रोतको आभाव छ”, उहाँले भन्नुभयो। बहुदलपछि गरिएको आर्थिक सुधारले मुलुक अहिलको अवस्थासम्म आइपुगेको उल्लेख गर्दै सांसद चौधरीले भन्नुभयो, “तर २०४८ सालपछि अहिलेसम्म दोस्रो पुस्ताको आर्थिक सुधारको सुरुआत हुन सकेको छैन, फलस्वरुप अर्थतन्त्र र कूल गार्हथ्य उत्पादनको आकार खुम्चने क्रममा छ।”

नेकपा (एमाले) सांसद अच्युत मैनालीले परम्परागत प्रक्रियालाई क्रमभङ्ग गर्दै सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भएको बताउनुभयो। प्रस्तुत नीति तथा कार्यक्रमले आगामी दशकलाई आन्तरिक रोजगारी दशकका रुपमा घोषित गरेको उल्लेख गर्दै त्यसको कार्यान्वयनबाट मात्रै समृद्धि हासिल गर्न सकिने बताउनुभयो।

एमाले सांसद ज्वालाकुमारी साहले जनतामा रहेको निराशालाई हटाउँदै भरोसा पैदा गर्ने, आर्थिक गतिशीलता बढाउने, भ्रष्टाचार नियन्त्रण र दण्डहीनता अन्त्यका लागि नीति तथा कार्यक्रमले दृढ सङ्कल्प लिएको बताउनुभयो।



एमाले सांसद भगवती चौधरीले जनअपेक्षा सम्बोधन हुने गरी आएको नीति तथा कार्यक्रमको प्रभावकारीरुपमा कार्यान्वयनमा जोड दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) की सांसद नारायणी शर्माले भारत-पाकिस्तानबीचको द्वन्द्वले नेपाललाई चिन्तित बनाएको उल्लेख गर्दै नेपाली नागरिकको सुरक्षाका लागि सरकारले आफ्नो योजना सार्वजनिक गर्नुपर्नेमा जोड दिनुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सुमना श्रेष्ठले सूचना प्रविधि सेवा निर्यातमा सहजीकरण र अन्तरराष्ट्रिय कम्पनीसँग प्रतिस्पर्धा गर्नसक्ने कानुनी तथा नीतिगत व्यवस्था गर्न सरकारलाई सुझाव दिनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ध्रुवबहादुर प्रधानले क्षेत्रीय तनावका कारण नेपाली नागरिकमा पर्ने असरकाबारेमा गम्भीर हुँदै संयुक्त राष्ट्रसङ्घले आतङ्कवादविरुद्ध स्पष्ट धारणासहित मध्यस्थताको भूमिका खेल्नुपर्ने बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद अम्मरबहादुर थापाले भारत-पाकिस्तानबीचको तनावलाई शान्तिपूर्ण रुपान्तरण गर्न नेपालले कूटनीतिक प्रयास थाल्नुपर्ने बताउनुभयो। जनमत पार्टीकी सांसद अनिता देवीले विश्वशान्ति, आपसी सद्भाव र मानवताका पक्षमा सिङ्गो विश्वसमुदाय एकताबद्ध भएर उभिनुपर्नेमा जोड दिनुभयो। जनता समाजवादी पार्टी नेपालकी सांसद रेखा यादवले भारत-पाकिस्तानको तनावबाट सिर्जित प्रभाव न्यून गर्न नेपाल सरकारको तयारीका बारेमा जानकारी माग गर्नुभयो।

लोकतान्त्रिक समाजवादी पार्टीका सांसद रामप्रकाश चौधरीले सर्लाहीको उत्तरी क्षेत्रका बाग्मती, हरिवन, लालबन्दी र ईश्वरपुर नगरपालिकाका स्थानीयलाई सहज हुने गरी लालबन्दीमा शव परीक्षणसहितको अस्पताल स्थापना गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले विश्वसम्पदा सूचीमा सूचीकृत भक्तपुर दरबार क्षेत्रभित्रका पुरातात्विक श्रीधर नारायणको मन्दिर भत्काई निजी घर बनाउन तत्कालीन राणा सरकारले दिएको गलत आदेश सरकारले सच्याउनुपर्छ भन्नुभयो।

आमजनता पार्टीका सांसद प्रभु साहले बैंक तथा वित्तीय संस्थाको नियामकका रुपमा रहेको नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिमा दलहरुबीच खिचातानी हुँदा यसबाट सिङ्गो मुलुकको अर्थतन्त्र नै प्रभावित भइरहेको बताउनुभयो।

स्वतन्त्र सांसद अमरेशकुमार सिंहले सत्ता साझेदार दुई दलको झगडाले गभर्नर नियुक्त गर्न नसक्दा सिङ्गो अर्थव्यवस्था माथि नै सङ्कट देखिन थालेको बताउनुभयो।

### समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा भाग लिँदै सासंदहरूले कृषि-मलखाद तथा बीउबिजनको आपूर्ति तथा वितरण व्यवस्था, शिक्षा, स्वास्थ्य र रोजगारीलगायतका क्षेत्रसँग सम्बन्धित समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गर्नुभयो।

उहाँहरूले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालगायत राज्यका निकायहरूलाई थप जिम्मेवार र उत्तरदायी बनाउनुपर्ने, पुँजीगत खर्च ४० प्रतिशतभन्दा बढी हुननसक्दा राजस्व सङ्कलन र रोजगारी सिर्जनमा समस्या आएकाले पुँजीगत बजेट वृद्धि गरी कार्यान्वयनमा जोड दिनुपर्ने र जनतालाई शुद्ध पिउने पानीको व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

बैठकमा सांसद सुरेन्द्रराज आचार्यले “वर्षायाम सुरु हुँदैछ, किसानलाई आवश्यक मलखाद तथा बीउबिजन जोहो गर्न धौधौ छ, गत वर्ष पनि मलको अभावले किसान मर्कामा परका थिए, मलको वितरण प्रणाली नमिल्दा विचौलियाले कालोबजारी गर्दा किसानलाई थप पीडाको महसुस भएको थियो, भारत सिमाना नजिक रहेका किसानले लुकीछिपी मल नल्याए खेती नै गर्न पाउँदैन, त्यसतर्फ सरकारको तत्काल ध्यान जान जरुरी छ” भन्नुभयो।

उहाँले कपिलवस्तु जिल्लाको दक्षिणी भेगमा शुद्ध पिउने पानीको अभाव रहेको उल्लेख गर्दै त्यस क्षेत्रमा निर्माणाधीन पानी ट्याङ्कीहरु बजेट अभावका कारण सञ्चालनमा आउन नसकेकाले आवश्यक बजेट व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गर्नुभयो।

सांसद सूर्यप्रसाद ढकालले भन्नुभयो, “१५ मिनेटको बाटो एक घण्टा लाग्छ, काठमाडौँ उपत्यकाको जाम कम गर्ने उपाय र विधि के हुन सक्छ, चार हजारभन्दा बढी निवेदन सिटिइभिटीमा दर्ता भएको १३ वर्ष नाघिसक्यो, हामीलाई अनुमति दिनुहोस्, कर तिर्छौं, रोजगारी दिन्छौं, विद्यार्थी पढाउँछौं, सरकारले सिफारिस गरेका विद्यार्थीलाई निःशुल्क पढाउँछौंभन्दा पनि किन अनुमति दिन सक्दैनौं, समस्या कहाँ हो, त्यसतर्फ सरकारको ध्यान जान आवश्यक छ।”बैठकमा सांसद सुनिता बराल, सुशीला श्रीपाली ठकुरी, सूर्यकुमारी श्रेष्ठलगायतका सदस्यले भाग लिनुभएको थियो।

### किसानलाई समयमै मलखाद उपलब्ध गराउन माग

प्रतिनिधिसभामा सांसदहरुले गएको वर्षायाममा बाढीपहिरोबाट भएको क्षतिको राहत आजसम्म प्राप्त नभएको, तराईका जिल्ला खाद्यान उत्पादनका हिसाबले महत्वपूर्ण भए पनि सिँचाइ र समयमै मलखाद उपलब्ध नभएका कारण किसानले समस्या झेलिरहनुपरेको बतानुभयो।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा सांसद सूर्यमान तामाङ दोङले काभ्रेपलाञ्चोकको पनौती, बेथानचोक, लोसी र तिमाल सिन्धुलीको कुशेश्वरलगायत देशका विभिन्न स्थानमा भएको बाढी पहिरोपीडितले आठ/नौ महिनसम्म पनि राहत पाउन नसकेकोभन्दैसरकारकोध्यानाकर्षण गराउनुभयो। उहाँले बजेट निर्माण पहुँचका आधारमाभन्दा पनि आवश्यकताको आधारमा गन माग गर्नुभयो।

सांसद सूर्यबहादुर थापाले देशभर अधुरै रहेका पक्की पुल निर्माण गर्न बजेट सुनिश्चितताको माग गर्नुभयो। बर्दियाको नगदीघाटस्थित पुलको स्रोत सुनिश्चिता भए पनि अझै ठेक्का लाग्न नसकेको उहाँले बताउनुभयो।

सांसद हरि ढकालले नेपाल राष्ट्र बैंकको नेतृत्व नियुक्तिलाई राजनीतिकरण नगर्न आग्रह गर्नुभयो। सांसद हितराज पाण्डेले नेपाल विद्युत् प्राधिकरणका निवर्तमान प्रबन्ध निर्देशक र वर्तमान प्रबन्ध निर्देशकले सार्वजनिक गर्नुभएको आर्थिक विवरणले आमजनतामा अन्योल सिर्जना गरेकाले प्राधिरकणको समग्र आर्थिक अवस्थाको विवरणबारे सदनलाई जानकारी गराउन माग गर्नुभयो।

सांसद हेमराज राईले विपत् व्यवस्थापनअन्तर्गत बनेका घरका लागि सङ्घीय सरकारले दिनुपर्ने रकम जतिसक्दो चाँडो उपलब्ध गराउन सरकारसँग माग गर्नुभयो। सांसद हृदयराम थानी र ज्ञानु बस्नेत सुवेदीले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो। रासस

# स्वास्थ्य सेवामा सुधार ल्याउन मन्त्रालय प्रतिवद्ध




**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहले स्वास्थ्य सेवामा सुधार ल्याउनका लागि मन्त्रालयले तीव्रताका साथ कामकाजलाई अगाडि बढाएको बताएका छन्।

जनकपुरधाममा शुक्रबारदेखि संचालनमा आएको प्रादेशिकबायोमेडिकलव्यवस्थापन एकाइको एक कार्यक्रमबीच जनकपुरधामको मुजेलियामा उद्घाटन गर्दै उनले स्वास्थ्य सेवा प्रणालीलाई गुणस्तरीय बनाउन शुक्रबारबाट संचालनमा आएको बायोमेडिकल व्यवस्थापन एकाइले समेत ठूलो सहयोग पुर्‍याउने विश्वास व्यक्त गरे।

मन्त्री सिंहले उपकरणको प्रभावकारी व्यवस्थापनले रोग निदान र उपचारको प्रक्रियालाई गुणस्तरीय बनाउने भन्दै यसले बिरामीलाई सही समयमा उपचार प्राप्त गर्न मद्दत पुर्याउने विश्वास व्यक्त गरे।

कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित सचिव राजेश मिश्र, प्रादेशिक अस्पताल जनकपुरधामका पदाधिकारीसहितको उपस्थिति रहेको थियो। प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनकपुरधामसँग सहकार्य गरी निक साइमन्स संस्थानले मधेश प्रदेशमा प्रादेशिक बायोमेडिकल व्यवस्थापन एकाइ स्थापना गरेको छ।

एकाइमा प्रदेशभित्र रहेका स्वास्थ्य संस्थामा प्रयोग गरिने बायोमेडिकल उपकरणको मर्मत, सम्भार र जाँच गरी मर्मत चक्रलाई सुनिश्चित गर्नुका साथै बायोमेडिकल उपकरणको उचित व्यवस्थापन गरिने बताइएको छ।

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा सांसदहरुले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन्।

सांसद शेरबहादुर कुँवरले भारत र पाकिस्तानबीचको तनावले भारतमा विभिन्न पेसा व्यवसायमा रहेका लाखौँ नेपाली नागरिकको सुरक्षामा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद शिशिर खनालले छिमेकी राष्ट्र भारत र पाकिस्ताबीचको तनावका कारण नेपाल र नेपालीलाई पर्नसक्ने प्रभावबारे सजकता अपनाउन तथा पाकिस्तानमा अध्ययनरत विद्यार्थीको उद्धार गर्न सरकारसँग माग गर्नुभयो।सांसद बीना जैसवालले नेपाल-भारतबीच खुला सिमाना भएकाले नेपालले सुरक्षा व्यवस्थामा कडाइ गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद शान्ति श्रेष्ठले अपाङ्गता भएका व्यक्तिलाई आवतजावतमा कठिनाइ हुने, सीप, क्षमता भए पनि घरमा मात्रै बस्नुपर्ने बाध्यता भएकाले यसका लागि आवश्यक बजेट छुट्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद शिव नेपालीले वर्षायामको सुरुआत भएकाले विपद् व्यवस्थापनको तयारी समयमै गर्न सरकारसँग माग गर्नुभयो।

सांसद शोभा ज्ञवालीले बर्दियाका नदीहरुमा आएको बाढीले विगतमा खेतीयोग्य जमिन कटान गरी घरबस्ती डुबानमा परेर ठूलो धनजनको क्षति गरेको हुँदा यथाशीघ्र बजेटको व्यवस्था गरी सो क्षेत्रको समस्या समाधान गर्न सदनमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।सांसद शङ्कर भण्डारीले सरकारले आगामी वर्षको बजेटमा निर्माण व्यवसायी र सरकारबीचको विवादले कुनै पनि विकास निर्माणका काम नरोकिनका लागि पहल गर्न माग गर्नुभयो।



सांसद सरस्वती बजिमले किसानलाई आवश्यक बीउबिजन, मल र सिँचाइको व्यवस्था गर्न माग गर्नुभयो। बाँदर, बँदेल, दुम्सीलगायत जनावरले खेतीपाती खाइदिएको भन्दै उहाँले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद सरस्वती सुब्बाले भारत र पाकिस्तानबीचको तनावले दक्षिण एसियाली मुलुकलाई असर गरिरहेको उल्लेख गर्दै त्यसको प्रभाव नेपालमा पनि पर्नसक्ने भएकाले सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद सराज अहमत फारुकीले ‘एक स्थानीय, उत्पादन एक’ पालिका अभियान सञ्चालन गर्न माग गर्नुभयो। युवापुस्तालाई विश्वास दिलाउँदै देशभित्रै बस्ने वातावरण बनाउन सरकारले भ्रष्टाचारको अन्त्य गर्नुपर्ने उहाँको भनाइ थियो। सुशासन र पादरर्शीको निम्ति सरकारले सबै खरिद प्रक्रियालाई अनलाइन प्रणालीअनुसार सञ्चालन गरी देशभित्रै युवालाई रोजगारी दिनुपर्नेमा जोड दिनुभयो।

### भुताहा-आमबास-दुम्कीबास सडक निर्माण गर्न बजेट माग

प्रतिनिधिसभाका सदस्य सरिता भुसालले पूर्व-पश्चिम राजमार्गअन्तर्गत पर्ने दाउन्ने सडकखण्डको वैकल्पिक मार्गका रुपमा रहेको भुताहा-आमबास-दुम्कीबास सडक बजेट अभावका कारण अधुरै रहेकाले बजेटको व्यवस्था गर्न सरकारसँग माग गर्नुभएको छ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा उहाँले भन्नुभयो, “गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका पहाडी भू-भागलाई जोड्ने यो सडक निर्माण हुँदा ग्रामीण भेगका नागरिकलाई सडकको पहुँचमा पुऱ्याउन सक्छ, यसलाई पर्यटन मार्गका रुपमा पनि लिन सकिन्छ।

” भुताहा, आमबास र दुम्कीबास सडकका लागि सरकारले निरन्तरता बजेट उपलब्ध नगराउँदा निर्माण कार्य अधुरै रहन गएकाले आगामी आर्थिक वर्ष बजेट व्यवस्था गर्न माग गर्नुभयो।

सांसद डा स्वर्णिम वाग्लेले भारत र चीनसँग जोडिएको नेपालको सिमानाकामा देखिएका समस्या समाधान गर्न सरकारसँग माग गर्नुभयो।रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | नयाँ महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। |
| वृष : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। |
| मिथुन : | आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ। |
| कर्कट : | प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। |
| सिंह : | रमाइलो यात्राको अवसर जुट्न सक्छ। |
| कन्या : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। |
| तुला : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। |
| वृश्चिक : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। पैत्रिक सम्पत्तिको उपयोगबाट थप फाइदा उठाउन सकिनेछ। |
| धनु : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। |
| मकर : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। |
| कुम्भः | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। |
| मीन : | अध्ययन अध्यापनमा प्रगति हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सिरहाको लहान नगरपालिका- ११ स्थित किसानले गरेको खिरा काँक्राको खेती। यहाँका किसानले प्रतिकिलो २० रुपैयाँका दरले काँक्रा बिक्री गर्ने गर्छन्। *तस्बिर : रासस*

# न्यायपूर्ण समाज निर्माणमा कानुन जगत्को दायित्व गहन छ : राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानले व्यवस्था गरेको सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थामा न्यायपूर्ण समाज निर्माणका लागि न्याय र कानुन जगतको महत्वपूर्ण दायित्व गहन रहेको बताउनुभएको छ।

कानुन दिवस-२०८२ का अवसरमा शुक्रबार आयोजना गरेको विशेष समारोहमा राष्ट्रपति पौडेलले नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्यको अवधारणालगायतको व्यवस्था आत्मसात् गरेको बताउनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "आजको यस दिनले न्याय र कानुनका क्षेत्रमा आबद्ध सबैको मन तथा मस्तिष्कमा सो गुरुत्तर दायित्वको बोध निरन्तर गराइरहनेछ भन्ने विश्वास लिएको छु।" राज्यको कार्यकारिणी, विधायिकी र न्यायिक अधिकार एउटै निकायबाट प्रयोग भइरहेको तत्कालीन अवस्थामा यो ऐन (प्रधान न्यायालय ऐन, २००८) लागू भएपछि व्यावहारिक रुपमै शक्ति पृथकीकरण र स्वतन्त्र न्यायपालिकाको अवधारणाअनुरुप न्यायसम्पादनको कार्यको थालनी भएको हुँदा न्याय तथा कानुन जगत्मा यो दिनको विशेष महत्व रहेको राष्ट्रपति पौडेलले धारणा व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले नेपालको संविधानको मर्म एवं वर्तमान आवश्यकताअनुरुप नयाँ कानुनको निर्माण र प्रचलित कानुनमा समसामयिक सुधार गरी आधुनिक पद्धति तथा प्रविधिसमेतको प्रयोगबाट आमनागरिकको न्यायमा सहज पहुँच स्थापित, मुद्दाको शीघ्र व्यवस्थापनमार्फत छिटोछरितो न्याय सम्पादन हुनुपर्ने बताउनुभयो। रासस

# रोकिएन हात्तीको विध्वंश



रौतहट।खुट्टामा गोली लागेर घाइते भएको 'एमगज' नामक जङ्गली हात्तीलाई यहाँको जुडिबेला र गैडाटारका किसानले औधी माया गर्थे। दया गरेर विभिन्न खानेकुरा दिन्थे, जसले हात्ती स्वस्थ हुँदै गयो। त्यही हात्ती अचेल यहाँका किसानका लागि समस्या भएको छ। गत कात्तिकदेखि चन्द्रपुर नगरपालिका-२ जुडिबेला र वडा नं ३ को गैडाटार क्षेत्रमा बस्दै आएको यस हात्तीले अचेल घर भत्काउन थालेको छ। कृषिबालीमा क्षति पुऱ्याइरहेको छ।

जुडिबेलाका सुनिप पोखरेल पहिला मर्ला भन्ने डरले स्याहार गरिएको हात्तीले हाल कतिबेला पो मार्ने हो भन्ने उत्पन्न भएको बताउनुहुन्छ। "यो हात्ती बिरामी भएको बेला हामीले नै उपचारका लागि विभिन्न क्षेत्रमा पहल गऱ्यौं, उपचार पनि भयो। खानेकुरा दियौं, ज्यान तङ्ग्रियो। त्यो देखेर हामी निकै खुसी भएका थियौं तर हाल त्यही हात्ती समस्या भयो। घर भत्काउने, खेतीमा नोक्सानी गर्ने गरिरहेको छ। अब त मान्छेलाइ नै कतिबेला मार्ने हो भन्ने डर बढेको छ", उहाँले भन्नुभयो।

हात्तीले गत मङ्गलबार चन्द्रपुर-२ जोगिटोलका एकल महिला फुलमाया कुँवरको उठिबास लगाएको छ। हात्तीले पूरै घर ध्वस्त बनाएको, पकाउने ग्यासदेखि खाने चामलसमेत नष्ट गरेको उहाँले गुनासो गर्नुभयो। "बिरामी हुँदा हात्तीलाई खाना खुवाइयो, उपचारमा हाम्रो पनि चिन्ता थियो। हाल आफ्नै बास उजाडिदियो", कुँवरले भन्नुभयो।

नगर प्रमुख सञ्जयकुमार काफ्लेले कुँवरको घर बनाउन स्थानीय युवाहरूले सहयोग जुटाउने र त्यसमा आफ्नो पनि केही आर्थिक सहयोग र सहजीकरण रहने बताउनुभयो। यसैगरी सोही टोलकी मैया गिरी आलेले हात्तीले आफ्नो पनि घर भत्काएको र चामल, दाललगायत खाद्यान्न लगेको बताउनुभयो। सोही दिन स्थानीय मुक्तिनारायण चौधरीको घर पनि भत्काइदिएको थियो। हात्तीको आतङ्कले स्थानीय असुरक्षित भएको सोही वडाको पुलामीटोल निवासी उत्तम खड्काले गुनासो गर्नुभयो। पुलामीटोलकै नजिक हर्दिया खोलाको पोखरीमा दिउँसभरि बस्ने र रात परेपछि हात्ती गाउँ पस्ने गरेको उहाँले सुनाउनुभयो। हात्ती आतङ्का कारण केही समयदेखि स्थानीय जङ्गलमा घाँस दाउरा जानसमेत नसकिएको खड्काले बताउनुभयो।

गत कात्तिकयता हात्तीले जुडिबेलामा मात्रै दुई दर्जनभन्दा बढी घरमा क्षति पुऱ्याएको वडाअध्यक्ष दुत्तबहादुर थिङले जानकारी दिनुभयो। पर्सा राष्ट्रिय निकुञ्ज तथा वन मन्त्रालयका सचिवलाई समेत हात्ती व्यवस्थापनका लागि ध्यानाकर्षण गराइए पनि समस्या समाधान नभएको उहाँले गुनासो गर्नुभयो। "यहाँ हात्तीले विध्वंश मच्चाएको सरोकार भएकाहरू सबैलाई थाहा छ। पटकपटक ध्यानाकर्षण गराएका छौँ तर पनि कसैले वास्ता गरेका छैनन्", वडाअध्यक्ष थिङले भन्नुभयो।

हात्तीले जुडिबेलाका खिकबहादुर पन्त, राजेन्द्र ठाकुर, तारजन मगर, रवीन्द्र लामा, प्रदीप बम्जन, शुक्र पुलामी, केशव पाठक, माइला कँडेल, खिक, रवि पुलामी, कमलबहादुर विक, बद्री कार्की, उमेश थापालगायतको घर भत्काइसकेको छ। यसैगरी, चन्द्रपुर-३ गैडाटारमा पनि एक दर्जनभन्दा बढी घर भत्काइएका छन्। वडाअध्यक्ष बोधनाथ देवकोटाले हात्तीको आक्रमणबाट यहाँका सन्तबहादुर रुम्बा, मीना राई, छेनामसिंह लोप्चन, बलीमाया लोप्तन, बोम्जन साइँला, सुबास ठोकर, साइँला गोलेको घर भत्काएको बताउनुभएको छ।

यही हात्तीको आक्रमणबाट गत कात्तिक १६ गते फतुवा विजयपुर-११ रागी बुदुवा बस्ने ७० वर्षीया पातलीमाया तामाङको ज्यान गएको थियो।रासस

# मेयरलाई विद्यार्थीको प्रश्न- हामी कहिलेसम्म अर्को पालिकाको विद्यालयमा पढ्न जाने ?



बरहथवा । हरिपुर्वा नगरपालिकाका विद्यार्थीले पढ्नकै लागि छिमेकी पालिकाका जानुपर्ने बाध्यता कहिलेसम्म ब्यहोर्नुपर्ने हो भनी बारम्बार प्रश्न गर्दै आएका छन्। उनीहरूले स्थानीय सरकारलाई आफ्नै पालिकामा पठनपाठनको वातावरण बनाउन माग गरेका छन्।

हरिवनमा बिहीबार आयोजना गरिएको 'बालबालिकासँग मेयर कार्यक्रम' मा नगरमा शैक्षिक अवस्था खराब भएको गुनसो गर्दै विद्यार्थीहरूले विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न आग्रह गरेका हुन्। हरिपुर्वा नगरपालिका-७ डुमरियाका अविनाश भण्डारीले गाउँमै रहेको विद्यालयमा पठनपाठन हुन छाडेपछि छिमेकी पालिका ईश्वरपुर जाने गरेको बताउनुभयो।

उहाँले नगरप्रमुख विनोदकुमार साहसँग कहिलेसम्म छिमेकी पालिकाको स्कुल जानू भन्दै गुनासो गर्नुभयो। भण्डारी अहिले कक्षा ९ मा अध्ययनरत हुनुहुन्छ। हरिपुर्वा नगरपालिका-४ स्थित गाउँमा रहेको श्री जनता आधारभूत विद्यालयमा नियमित पठनपाठन नहुने, शिक्षक नियमित नआउने, आए पनि कक्षामा नजाने समस्या रहेको उहाँको भनाइ थियो।

"विद्यालय विद्यालयजस्तो छैन", छात्र भण्डारीले भन्नुभयो, "विद्यालय नै तर्साउने घरजस्तो भएको छ। हामी कसरी उत्साहित भएर पढ्नु ?", स्थानीय जनप्रतिनिधिले समेत बेवास्ता गरेको उहाँको गुनासो छ। लामो बाटो छिचोलेर आफूसँगै गाउँका धेरै बालबालिका अहिले दैनिक ईश्वरपुर नगरपालिका-१५ श्री जनता मावि गोनाहाका पढ्न जाने गरेको उहाँको भनाइ छ।

गाउँमा विद्यालय नियमित नचलेका कारण बालबालिका स्कुल नियमित जाँदैनन्। यसले गर्दा कुलतमा लाग्ने, बीचैमा पढाइ छाडेर हिँड्नेजस्तो समस्या बढ्दै गएको छ। यसले गर्दा बालबालिकाको पठनपाठन पूरा हुँदैन। धेरै बालबालिका अहिले पनि पूर्ण रूपमा कुलतमा लागेको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो। विद्यालय नियमित गरिदिन र आवश्यकतानुसार शिक्षक र भौतिक संरचनाको प्रबन्ध गरिदिन भण्डारीले नगरप्रमुख साहसँग माग गर्नुभयो।

हरिपुर्वा नगरपालिका-६, श्री केश्वर गरिब जनता नमूना माविमा अध्ययनरत छात्रा निलमकुमारी साहको गुनासो पनि उस्तै छ। विद्यालय पठनपाठनमा नभई भद्रगोलमा नमूना भएको उहाँको गुनासो छ। शिक्षा नीतिमा तराईका जिल्लामा एउटा कक्षा कोठामा धेरैमा ४० जना विद्यार्थी राख्न सकिने व्यवस्था छ। तर यस विद्यालयमा एउटै कक्षामा एक सय ५० जनासम्म विद्यार्थी राख्ने गरेको उहाँले दुःखेसो पोख्नुभयो।

यसरी सञ्चालन गरेको कक्षामा पढ्ने माहोल नभएको अर्का छात्रा रीता महतोले बताउनुभयो। "विद्यालयमा कक्षाकोठा पर्याप्त नहुँदा एउटै कक्षामा धेरै विद्यार्थी हुन्छन्, अगाडि बसेर शिक्षकले पढाएको पछाडि बस्ने विद्यार्थीले सुन्दैनन्", उहाँले भन्नुभयो, "हामीले बारम्बार विद्यालय तथा बाल क्लबको सहायता माग राख्दा सुनवाइ भएन।" साह यस विद्यालयमा कक्षा ९ मा अध्ययनरत हुनुहुन्छ।

नगरका अधिकांश विद्यालयको हालत उस्तै रहेको सहभागी बालबालिकाको भनाइ थियो। छात्रछात्रा नभएको विद्यालयमा भौतिक संरचना पर्याप्त हुने तर आवश्यक परेका स्थानका बालबालिकाले सुविधा नपाउने अवस्था भोगिरहेको साहले बताउनुभयो। स्थानीय सरकारको दोस्रो कार्यकालको तीन वर्ष सकिन लाग्दा पनि स्कुल वर्षात्मा तलाउ बन्ने र हिउँदमा धुलो उडेर बस्न नसक्ने अवस्था रहेको उहाँको भनाइ थियो।

अर्कातर्फ विद्यालयमा बेलाबेलामा हुने विवादका कारण सम्पूर्ण पठनपाठन नै अवरूद्ध हुने गरेको छ। यस्तो अवस्थामा सबै विद्यार्थी प्रभावित बनिरहेका सहभागी छात्र राजु रामले बताउनुभयो। गत शैक्षिकसत्रमा पनि विद्यार्थी र विद्यालय प्रशासनबीच विवाद भएको थियो। सोही विवादले निकै समय विद्यालय बन्द रह्यो। परीक्षाको केही दिनअघि मात्र पनि एक हप्ता पठनपाठन रोकियो। यसले परीक्षाको समयमा धेरै समस्या भएको उहाँको अनुभव छ।

हरिपूर्वा नगरपालिका-१ निवासी सिम्कनु खातुनले किशोर किशोरीमा क्यान्सरजस्तै गरी फैलिरहेको लागुपदार्थ दुर्व्यसनी नियन्त्रण गरिदिन आग्रह गर्नुभयो। विपन्न परिवारका किशोरकिशोरी परिवारका सदस्यलाई समेत दुःख दिएर यस्ता गतिविधिमा संलग्न हुनेक्रम दिनप्रतिदिन बढ्दो रहेको उहाँको अनुभव छ। यस्ता गतिविधि रोक्न स्थानीय सरकार उदासिन भएको उहाँको आरोप छ।रासस

# लहानका अधिकांश पसल बिनादर्ता सञ्चालन




सिरहा । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज तथा इलाका प्रशासन कार्यालय लहान सिरहाको अगुवाइमा गरिएको संयुक्त बजार अनुगमनका क्रममा अधिकांश पसलको व्यवसाय दर्ता नगरिएको, दर्ता भएका व्यवसायको नवीकरण नभएको, खरिद बिक्रीको बिलबिजक नभएको तथा मूल्यसूची नराखिएको भेटिएको छ।

अनुगमन टोलीले यस्ता पसललाई जरिवाना तोकेको छ। जसमा अनिता जनरल स्टोर्सलाई रू २० हजार, समाया ट्रेडर्सलाई रू १५ हजार, श्याम इलेक्ट्रोललाई रू १० हजार र मा इन्टरप्राइजेजलाई रू पाँच हजार जरिवाना तोकेको हो।

त्यस्तै महावीर वस्त्रालय, बाबा फेन्सी स्टोर्स, नितिस ट्रेडर्स एण्ड सप्लायर्स, विवेक सुसेन्टर, प्रिया जनरल स्टोर्स, ओम किराना, हरेकृष्ण इम्पेरियम र अर्चिड क्याफेलाई पहिलोपटकलाई सामान्य चेतावनीसहित सचेतीकरण गरिएको छ। इलाका प्रशासन कार्यालय लहानका प्रमुख गोकर्णराज सुयलका अनुसार यी पसलका सञ्चालनकलाई तीन दिनभित्र पसलमा मूल्यसूची राख्न र आवश्यक कागजात इलाका प्रशासन कार्यालयमा बुझाउन निर्देशन दिइएको छ। यदि व्यवसायीले अटेर गरे कानुनबमोजिम कारबाही गरिने प्रमुख सुयालले बताउनुभयो।

त्यसैगरी, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय पर्सा वीरगञ्जका प्रतिनिधि मधुरेशप्रसाद साहले पहिलोपटक भएको बजार अनुगमनमा अखाद्य वस्तु बिक्री गर्नेलाई सचेत गराइएको र दोस्रो चरणको अनुगमनदेखि अखाद्य वस्तु बिक्री गर्ने व्यवसायीलाई कानुनबमोजिम कारबाही गरिने स्पष्ट पार्नुभयो। उहाँले इजाजतपत्र लिएर मात्र सुर्तीजन्य पदार्थ तथा मदिरा बिक्री गर्न व्यवसायीलाई निर्देशन दिनुभयो।

अनुगमन टोलीमा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज र इलाका प्रशासन कार्यालय लहानका साथमा घरेलु तथा साना उद्योग कार्यालय लहान, जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा, सशस्त्र प्रहरीका प्रतिनिधि सम्मलित रहेका थिए।रासस

**श्री क्षीरेश्वर जनता उच्च माध्यमिक विद्यालय**

**सखुवा–महेन्द्रनगर, धनुषा**

**शिक्षक आवश्यकता**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२५**

यस क्षिरेश्वर जनता मा.वि. महेन्द्र नगर धनुषाका लागि तपसिल बमोजिम (मा.वि. शिक्षक, नि.मा.वि. शिक्षक, पदमा करार सेवामा नियुक्ति गर्नु पर्ने भएको हुँदा योग्यता प्रमाणपत्र पुगेका इच्छुक नेपाली नागरिकहरूले आफ्नो व्यक्तिगत विवरण नेपाली नागरिकताको प्रमाण-पत्र तथा शैक्षिक योग्यता शिक्षक पदको लागि अनुभव प्रमाण पत्र संलग्न यस क्षीरेश्वर जनता मा.वि. महेन्द्रनगर धनुषाको सिद्धार्थ बैंक लिमिटेड खा.नं.०२०१५०८०१७३ मा तोकिए बमोजिमको शुल्क सक्कलै बैंक भाउचर संलग्न गरी निवेदनसाथ स्वयम उपस्थित भई विद्यालयको प्रशासन शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | पद | नियूक्तिको प्रकार | संख्या | तह | शैक्षिक योग्यता | दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | मा.वि. शिक्षक विज्ञान | करार | १ | मा.वि. तृतिय | मान्यता प्राप्त शैक्षिक संस्थाबाट भौतिक विज्ञान विषयमा कम्तिमा स्नातक उर्तीण | रु.५००/- |
| २ | २/२०८१/०८२ | नि.मा.वि. शिक्षक करार अंग्रेजी | करार | १ | नि.मा.वि. तृतिय | मान्यता प्राप्त शैक्षिक संस्थाबाट अंग्रजी विषयमा स्नातक उर्तीण | रु.२५०/- |

**(१) आवश्क कागजातहरूः**
व्यक्तिगत विवरण, नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यता र अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपिहरु र २ प्रति (पासपोर्ट साइज फोटो) हस्तलिखित निवेदन साथ पेश गर्नुपर्ने।

**शर्तहरू आवश्यक योग्यताः**
(२) तलब सुविधा विद्यालयको नियमानुसार हुनेछ।
(३) सबै पदको निवेदन दिने अन्तिम मितिः- २०८२/०२/०८
(४) निवेदन पेश गर्ने स्थान श्री क्षीरेश्वर जनता मा.वि. प्रशासन शाखा
(५) विज्ञापन सम्बन्धि सम्पूर्ण अधिकार विद्यालयको छनौट समितिमा रहने छ।
(६) वि.नं. १ र २ को लागि ४० वर्ष ननाघेको
(७) परीक्षाको किसीम वि.नं. १ र २ को लागि लिखित परिक्षा, कक्षा अध्यापन र कक्षा अवलोकन हुने छ। (७) परिक्षा पाठ्यकम सामान्य ज्ञानको परिक्षा २० पूर्णाङ्क सम्बन्धित विषयको ५० पूर्णाङ्क र कक्षा अवलोकन ३० पूर्णाङ्कको रहने छ।
(क) महिलालाई विषेश ग्राहयता दिइनेछ।
सम्पर्क नं. ९८४४४१४३४५

**प्रधानाध्यापक**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। गाउँको बिहान ।।

घाम नउदाउँदै उठ्छन् मान्छे,
गम्छा काँधमा, खुट्टा भिज्छे।
पिपलको छायाँमा बटुलिन्छ मेल,
कुहिरोको घेरोमा शान्त छ खेल।
भालेको बाँगले गुञ्जन्छ गाउँ,
सजिन्छ गोठ, सफा गरिन्छ आँगन पाऊँ।
धुवाँसंगै उम्लन्छ चिया,
माटोको भाँडोमा जीवनको काव्या।
बारीतिर लाग्छन् खुरपी र कोदालो,
तरकारी भित्र लुकेको हुन्छ कमालो।
बालक स्कूलतिर, झोला बोकेर,
सपना बुन्छन् मनमा ठूला टोकेर।
गोरु जोतिन्छ, खेत जोतिन्छ,
पसिनाले मात्र यो माटो फलेर भेटिन्छ।
चेली बटुल्दै ल्याउँछ पानी,
नदी किनारमा खेल्दछन् नानी।
बिहानको शान्ति, बिहानको शान,
मधेसको गाउँ – हाम्रो अभिमान।



**लेखक : नवल प्रसाद यादव**
**ठेगाना : सखुवा प्रसौनी गाउँपालीका , पर्सा**

## ।। यथार्थ ।।

गल्ली गल्ली विद्यालय
तर न शिक्षा, न रोजगार।
गल्ली गल्ली हस्पिटल
तर न स्वास्थ्य, न उपचार।
इलाका इलाका अदालत
तर न न्याय, न अधिकार।
घर घर नेता-प्रधान-मन्त्री
तर न विकास, न सरोकार।
घर घर मोबाइल, टि.भी.
तर न सञ्चार, न समाचार।
घर घर स्रोत साधन पैसा
तर न शान्ती, न सद्विचार।
गल्ली गल्ली पसल-दुकान
तर न सुपथनगद, न उधार।
हात हात कला, कौशलता
तर न सदुपयोग, न सत्कार।
मठ मठ धर्म-कट्टर-पन्थी
तर न सत्ज्ञान, न संस्कार।
घरघर,गल्लीगल्ली, मानव!
तर न मानवता, न उपकार।
घर घर चोर, डाकु, फटाहा
तर न सरल, न इमानदार।
चारैतिर पाखण्ड, भ्रष्टाचार
तर न सचेतना, न सुधार।



**लेखक: राम मण्डल**
**ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा धनुषा, नेपाल ।**

## ।। बाबूजी यहाँ झुठ बजैछी ।।

बाबूजी यहाँ झुठ बड बजैछी
अपने भुखल प्यासल हमरा
खिबैछी
अपने फाटल पुरान हमरा
नया कपडा दियबै छी
बाबूजी यहाँ झुठ बड बजै छी
नै यहाँ दिन बुझैछी नै यहा रायत
बुझैछी हरदम मेहनत मजदुरी करै छी
हम पाँचास रुपैया मगैछी यहाँ सय
रुपैया दैइ छी बाबूजी यहाँ बड झुठ बजैछी
भाई बहिन आ हमरो स्कूल कलेज पढबै छी
जते सख सेहनता हमरा सभक
सब पुरा करै छी बाबूजी यहाँ बड झुठ बजै छी
यहाँ जाई छी बजार बाबूजी
चाइयो नै पियै छी
हमरा सब लेल बाबूजी मुरही कचरी
बरी झिल्ली आ चाउमीन लबै छी
बाबूजी यहाँ बड झुठ बजै छी



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। मनको वेथा ।।

२०७२ ले सताएको त्यो दुविधा अहिले सम्म चल्दै छ
खैई किन दुविधा ले हो की बाध्यता हो की समयको गति।
जीवनको अप्ठ्यारो समयले नै नयाँ कुरा सिकाए
२०७४ मनको कुरा सुन्न सकेन।समयले सताए।
सुख र दुख समय ले अलि अलि बाटो मेई देखाए
जीवनको पीडा समयको गतिले पाए।
२०७७ ले जीवन सगँ समय को अर्थ थाह लागे।
जीवन को राम्रो सुरुवात पनि पाएको आय को स्रोत पनि पाए
चल्दै छ जीवन समयको साथमा
छुट्टै होला मनको पीरा समयको साथमा
२०७९ बाट भयो दुखको सुरुवात दुखले धेरै सताए
मनले भने तनाव नलेउ म छु तिम्रो साथमा
दुखले त सुखको बाटो बन्द गरिदिए मन ले भने म छु त
गुरुदेवले भने तनाव न लेउ सबै एकदिन ठीक हुनेछ



**नाम:- निरज कुमार यादव**
**ठेगान :- लक्ष्मीनियाँ गा.पा :- ३**

## ।। जगत ।।

बाँच्नलाई तयार रहनुस् तर विचार गर्नुस् कुन तवरले बाँच्ने
मर्नलाई ढुक्क रहनुस् तर कुन तवरले मर्ने त्यो विचार गर्नुस्
अन्नको आधार जिउनलाई खाउ सुपाच्य परिकार
बाँच्नलाई पैसा चाहिन्छ तर कुन तवरले आर्जन गर्ने त्यो विचार पुर्याउनुस्
कानुनको दायरामा छौ हामी त्यसैले संविधानसम्मत सहि काम गरौं
सुविचार र मिठो बोलिवचन को साथ चाहिन्छ जगत मा जिउनलाइ
शिक्षाले नै बाटो देखाउँछ आम्दानीको त्यसैले विचार गर्नुस् कस्तो शिप आर्जन गर्ने
हठाकठ्ठा शरीर सबै काम गर्नलाई चाहिन्छ त्यसैले विचार गर्नुस् सुपाच्य खाना खानलाई
देशविदेश पनि भित्रिनुपर्ने हुन्छ त्यसैले विचार गर्नुस् र शिक्षा आर्जन गर्नुस्
शिक्षामा हुन्छ लगानी र मेहनत तर मिस्त्री मजदुरीमा हुन्छ मस्तिष्क झन्झा शारीरिक परिश्रम
लगानी बिनाको प्रतिफल छैन यस मृत्युलोकमा
नबिर्सौ हामी नेपाली कृषि प्रधान देशमा छौं
हरेक क्षेत्रको काम मजदुरीमा निहित छ शिक्षाको पहुँच हरेक क्षेत्रमा छ
संकाय अनुसारको पढेलेखेको चाहिन्छ र त्यसमा पसिना चुहाउँछ
मजदुर तथा मिस्त्रीहरुले श्रम दिइरहेको हुन्छ
परेशानी सबैलाई छ उचित पारिश्रमिकको
सरकारी जागिरे पनिको कोसिस घुस खाने
प्राइभेट कामदारको पनि मेहनत बढी नगदको आसमा
पदासिन नेताहरू देशप्रदेश चलाइरहेको छ तर पनि टार्गेट यथेस्ट ढुकुटीमा पैसा थुपार्नलाई
मानिसलाई चाहिने जागिर सरकारी ज्वाई सरकारी तर शिक्षा र इलाज चाहिने प्राइभेट
अचम्मको छ यो विचारधारा मनुष्यको तर बाँच्नु छ सबैलाई स्वस्थ रहनुछ प्रत्येकलाई
लक्ष्यहीन कहिले नरहनुस् लागिरहनुस् आफ्नो गन्तव्यको लागि
गन्तव्य बिनाको मानिस खाते आतेजाते सरह नै हुन्छ
ईश्वरको कृपा र एकअर्काको सहयोगको अपेक्षा सबैलाई जगत मा छ



**प्रमोद राम**
**जनकपुरधाम ९**

## ।। दुई मुटु, एक जीवन।।

दुई मुटु एकै तालमा धड्किन्छ,
एक अर्काको स्पर्शले संसार बदलिन्छ।
शब्द नभए पनि आँखा बोल्छ,
मौनतामा पनि प्रेम रस घोल्छ।
तिमी हाँस्दा, म मुस्कुराउँछु,
तिमी दुख्दा, म भित्रै रुन्छु।
जीवनको यो लामो यात्रा,
हामीले सँगै पार गर्ने चाहना।
घाम छायाँ जे भए पनि,
साथ तिमी रहँदा के डर?
सपना त हो एउटै घरको,
जहाँ मुटुजति नजिक हो डर।
दुई मुटु, एक जीवनको कथा,
जहाँ माया मात्र हो साँचो व्यथा।
संसार केही नहोस् हाम्रो विरुद्ध,
हामी सँगै, जीवन भरको प्रतिबद्ध।



**लेखक:दिलीप कुमार दास**
**ठेगाना:धनुषाधाम -४ लक्ष्मीपुर**

## ।। कुलमान देशको हिरो ।।

कुलमान आयो, उज्यालो ल्यायो,
बिजुली बल्यो, जनता रमायो।
लाइन हट्यो, झन्झट गयो,
देशभर नाम उसको फैलियो।
ऊ बोल्दैन धेरै, काम गर्छ धेरै,
आफ्नो इमान बेच्दैन कहिल्यै।
सरकार डरायो, उसले जित्यो,
जनताको साथ, उसले पायो।
उता हितेन्द्र, गफ मात्रै दिन्छ,
कहिले नेता, कहिले गायक बन्छ।
फोटो खिच्छ, लाइभ जान्छ,
कामको बेला हराउँछ, फकाउँछ।
उसको बोली, मिठो मिठो,
तर मनभित्र खाली रित्तो।
जनता जान्न थालिसके,
ऊ देखावटी हो, चालिसके।
कुलमान देशको सच्चा छोरो,
हितेन्द्र त भयो गफको घोरो।
एकले देश बनायो, उज्यालो दिइसक्यो,
अर्काले देशको नाममा मजाक गरिसक्यो।
हामीलाई चाहिन्छ कुलमानजस्तै मान्छे,
हितेन्द्रजस्ता होइन, झुट र गफले बाँचे।
देशको आशा कुलमान हो,
हितेन्द्र त पैसा लुट्ने पात्र हो।



**कविता लेखक:- नबिन श्रेष्ठ**
**हाल अध्ययन शिक्षण:- बि.एड स्नातक चौथो बर्ष**
**ठेगाना:- सीतापुर खोरिया, भुचक्रपुर - बटेश्वर-१**
**अध्यनरत हाल कलेज:- बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबास-१, महोत्तरी**

## ।। गरि लिए ।।

पुराना पाना पल्टिए,
सम्झनाका धुलो झरिए,
मनको कुनामा थुनिएका
आशाहरू खुला गरि लिए।
छायाँझैं पछ्याउने डरहरू,
सपना तोड्ने बहानाहरू,
एकै चोटि बिर्सेर आज
नयाँ बाटो रोजि लिए।
छेउछाउका नजरहरू
सधैं हेरिरहेका थिए,
तर म त गगनमा हेरैं,
नयाँ आकाँक्षा कोरि लिए।
भत्किएका सपना सिँचेर,
अवशेषमा फूल फुलाएर,
साँच्चै म भनैं मनलाई –
अब पुरानोलाई बिदा गरि,
नयाँ गरि लिए।



**लेखक: बब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## ।। अझै याद आउँछ ।।

तिमीलाई हेर्दा लाग्थ्यो, जिन्दगी यही हो।
तिमी मुस्काउँदा लाग्थ्यो, दुःख कहिल्यै आउँदैन।
तर अब थाहा भइसक्यो,
माया एक्लो भएर पनि साँचो हुनसक्छ रे।
र त्यो साँचो म थिइँ–तिमी होइनौ।
तिमी अरूसँग हाँस्दा,
म भित्र चुपचाप रोएको थिएँ।
तिमी अगाडि बढ्यौ,
म भने अझै पनि उही मोडमा छु–
जहाँ हामी "हामी" थियौँ।
अब केही छैन तिमीमा फर्किनु,
तर सबै कुरा अझै छ–भुल्न नसक्नु।



**लेखक रोहित महतो**
**बटेश्वर, धनुषा, जनकपुरधाम**

## डिजिटल कुलतबाट आफू र बालबालिकालाई बचाउन हेर्नैपर्ने चलचित्र 'झिल्को'

काठमाण्डु । जसरी सानो 'झिल्को' ले ठूलो आगलागी निम्त्याउन सक्छ, त्यसरी नै डिजिटल कुलतको सानो लतले व्यक्ति, समाज र परिवारमा गम्भीर असर पार्न सक्छ । 'झिल्को' चलचित्र यही यथार्थमा आधारित छ । यसले डिजिटल कुलतको सुक्ष्म रूप र त्यसले पार्ने प्रभावलाई मार्मिक ढङ्गले प्रस्तुत गरेको छ । आज मोबाइल हाम्रो जीवनको अभिन्न अङ्ग बनिसकेको छ । एक समय सम्पर्कको माध्यममात्र रहेको मोबाइल अहिले हाम्रो जीवनशैलीलाई नै निर्देशित गर्ने शक्तिशाली औजार बनेको छ । दुःखको कुरा, यसको कुलतमा बालबालिका पनि फस्दै गइरहेका छन् । 'झिल्को'ले यही ज्वलन्त समस्यालाई उजागर गरेको छ ।

निर्देशक यादव भट्टराईले बालबालिकामा बढ्दो डिजिटल कुलतको गम्भीर समस्यालाई चलचित्र 'झिल्को'मार्फत उजागर गर्नुभएको छ । आजभोलि खाना खानुभन्दा अगाडि मोबाइल चलाउने, अनलाइन गेम खेल्ने र युट्युबमा 'भिडियो'हरू हेर्ने बानी बालबालिकाका लागि सामान्यजस्तै भइसकेको छ ।

चलचित्रमा यिनै विषयवस्तु र त्यसले पार्ने नकारात्मक असरलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । यस चलचित्रमा आयुषी ढकाल, विशाल पोखरेल, वर्षा सिवाकोटी र सुनिल पोखरेलजस्ता कलाकारले सशक्त अभिनय गर्नुभएको छ, जसले कथालाई जीवन्त बनाएको छ ।

अभिभावकहरूले पनि बालबालिकाको मोबाइल प्रयोगलाई सामान्य ठानेर बेवास्ता गर्दा भविष्यमा यसले कस्तो गम्भीर रूप लिन सक्छ भन्ने कुरा 'झिल्को' चलचित्रले चित्रण गरेको छ । चलचित्रमा एक पत्रकारको सुखी र खुसी परिवारको कथा छ, जहाँ उहाँको श्रीमती र छोरी छिन् । तर, यही सुखी परिवारमा डिजिटल कुलतको सानो 'झिल्को' कसरी सल्किन्छ र त्यसले कस्तो असर पुर्याउँछ भन्ने कुरालाई चलचित्रमा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । यसले समयमै सचेत नभए परिवारमा आउन सक्ने सम्भावित खतरालाई उजागर गर्छ ।

प्रविधिमैत्री यो समयमा डिजिटल कुलतबाट आफू जोगिनु र आफ्ना बालबालिकालाई जोगाउनु एउटा ठूलो चुनौती बनेको छ । सुरूमा सामान्य लाग्ने यो लतले भविष्यमा परिवारमात्र नभई सामाजिक सम्बन्धमा समेत नकारात्मक असर पार्न सक्छ भन्ने कुरा 'झिल्को' चलचित्रले स्पष्ट रूपमा देखाएको छ । टेलिशृंख्लाबाट चलचित्रमा प्रवेश गर्नुभएका अभिनेता पोखरेलले यस चलचित्रमा काम गर्दा आफूले डिजिटल कुलतजस्तो महत्त्वपूर्ण विषयमा नयाँ ज्ञान प्राप्त गरेको बताउनुभयो ।

"अहिले मैले आफूलाई डिजिटल कुलतबाट केही भए पनि बाहिर ल्याउन सकेको जस्तो लागेको छ । यो चलचित्रमा अभियन गर्नु अगाडि र अहिलेको सोचमा निकै परिवर्तन आएको छ । यसबाट हामीभन्दा नयाँ पुस्ता र विशेषगरी बालबालिकालाई बचाउनु जरूरी छ । म आफैँले पनि पछिल्लो समय दैनिकीमा परिवर्तन ल्याएको छु", उहाँले भन्नुभयो ।

अभिनयको सुरू समयमा अभिनेता पोखरेलले 'जीवनचक्र' जस्तो स्वास्थ्य विषयमा आधारित टेलिशृंख्लामा काम गर्नुभएको थियो । तर, डिजिटल कुलतको विषयमा उहाँले समेत बुझ्नुभएको रहने छ । टेलिशृंख्लासँगै केही चलचित्रमा काम गरिसक्नुभएका अभिनेता पोखरेललाई निर्देशक यादव भट्टराईसँग भेट्ने प्रस्ताव आयो । अभिनेता पोखरेल भने सानो पर्दा अर्थात् टेलिशृंख्लामा काम नगर्ने सोचका साथ भेट्ने उद्देश्यले मात्र पुग्नुभयो ।

"मलाई टेलिशृंख्ला वा आफू देखिनमात्र काम गर्नु थिएन । किनकि मैले धेरै काम गरिसकेको थिएँ । तर, निर्देशक भट्टराईले डिजिटल कुलतको विषयमा चर्चा गर्नुभएपछि म नै उक्त विषयमा सोच्न बाध्य भएँ । किनकि यस्तो विषयलाई अनुसन्धान गरेर चलचित्रमा ल्याइएको छैन", अभिनेता पोखरेलले भन्नुभयो ।

नेपालमा पछिल्लो समय सामाजिक सञ्जाल प्रयोगकर्ता बढेका छन् । मोबाइल चलाउनु दैनिकीको हिस्सा बनिसकेको छ । अहिले सामाजिक सञ्जालमा 'झिल्को' बनेर फैलिने खबरले न्यायालयभन्दा अगाडि फैसला सुनाइसक्छ । एउटा सानो श्रव्यदृश्य वा कसैले केही लेखेकै भरमा डिजिटल माध्यमले मानिसलाई गर्ने असरलाई पनि चलचित्रले समेटेको छ । यी सबको विषयमा जानकारी पाएपछि अभिनेता पोखरेलले आफैँ सामाजिक सञ्जालमा उपस्थिति कम गर्नुभयो । आफ्नो घरमा बच्चालाई डिजिटल उपकरणसँग निकै कम पहुँच दिन थाल्नुभयो । यसले विस्तारै आएको परिवर्तनलाई उहाँले महसुस गर्नुभएको छ ।

"अहिले मेरो घरमा राति सुत्ने बेलामा लगभग ११ बजे 'वाइफाइ राउटर' बन्द हुन्छ । त्यो बिहानमात्र खुल्छ । मैले सुरूमा बच्चालाई मनाउन कठिनाइको सामना गर्नुपरे पनि विस्तारै उनीहरूको दिनचर्या र शैलीमा परिवर्तन आउन थालेको छ । यो चलचित्रको उद्देश्य 'भर्चुअल संसार' बाट बाहिर निकालेर वास्तविक संसारमा रमाउन सिकाउनु हो । यसका लागि बालबालिकामात्र दोषी छैनन् किनकि उनीहरूलाई मोबाइलको पहुँच दिलाउने हामी अभिभावक नै हौँ", अभिनेता पोखरेलले भन्नुभयो ।

कोभिड-१९ का कारण भएको बन्दबन्दीमा बालबालिकाले प्रविधिको सहायताले कक्षा लिए । 'अनलाइन क्लास'का कारण धेरै बालबालिकासम्म मोबाइल पुग्यो । तर, त्यसबाट फिर्ता ल्याउन वा मोबाइलको




लत छुटाउन अभिभावकले ध्यान दिएनन् । जसकारण त्यो विस्तारै लतमा परिणत भएको बुझाई अभिनेता पोखरेलले सुनाउनुभयो ।

"हामीले पनि घरमा हुँदा वा बालबालिकासँग हुँदा 'भर्चुअल वर्ल्ड' त्यागेर उनीहरूसँग रमाउन सक्नुपर्छ । हामी मोबाइल चलाउने अनि बालबालिकालाई हुँदैन भन्ने भो भने त्यसले समाधान दिँदैन, त्यसैले हामी अभिभावक पनि सच्चिनु जरूरी छ । सुरूआत हामीबाट हुनुपर्छ अनि त्यसको नतिजा राम्रो आउँछ", उहाँले भन्नुभयो ।

मिडिया फर कल्चर प्रालिको निर्माणमा तयार भएको चलचित्र 'झिल्को' वैशाख १९ गतेबाट देशभर प्रदर्शन भइरहेको छ । उक्त चलचित्रमा निर्देशक भट्टराईसँगै अरूणदेव जोशी र देव व्रतले कथा लेखनको काम गर्नुभएको छ ।

डिजिटल कुलतले बालबालिकाको जीवन, पारिवारिकसम्बन्ध र सामाजिक स्वास्थ्यमा पार्ने असरमाथि केन्द्रित चलचित्रले आजको समयका यथार्थ र संवेदनशील विषयवस्तु उजागर गरेको दर्शकको भनाइ छ । चलचित्र हेराउन केही अभिभावक बालबालिका लिएर चलचित्र भवन पुगिरहेका छन् । अर्थात् चलचित्र निर्माणको उद्देश्य केही हदसम्म पूरा हुँदैछ ।

"चलचित्र हेरिसक्नुभएकाले यसलाई सपरिवार हेर्नुपर्ने धारणा राख्दै केही आफ्नो परिवार नै लिएर चलचित्र भवनमा आउनुभएको पाएका छौँ । हाम्रो उद्देश्य नै यही हो ।

डिजिटल कुलतका बारेमा अभिभावकले बुझेमात्र बालबालिकालाई जोगाउन सकिन्छ । यसको विषयवस्तु विशेषगरी अभिभावकीय बेवास्ता, स्मार्टफोनको दुरूपयोग र डिजिटल प्रविधिका कारण निम्तिने पारिवारिक विखण्डनसँग जोडिएको छ । रासस

# नीति तथा कार्यक्रममाथिको छलफल जारी



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले यही वैशाख १९ गते सङ्घीय संसद्को संयुक्त बैठकमा पेस गर्नुभएको सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि छलफल आज पनि जारी छ ।प्रतिनिधिसभाको शुक्रबारको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद शान्ति श्रेष्ठले बालबालिकाको समग्र पक्षको विकासका लागि सरकारले छुट्टै बजेट व्यवस्था गर्नुपर्ने माग गर्नुभएको छ ।

सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममाथिको छलफलमा उहाँले भन्नुभयो, "हजारौँ सडक बालबालिका, अभिभावकविहीन बालबालिका, हजारौँ नेपाली नागरिक आमाबाट जन्मिएका सन्तानले जन्मदर्ता पाएका छैनन्, तिनीहरूका बारेमा पटकपटक सदनमा कुरा उठेको छ, तर अझै पनि नेपाली बालबालिकालाई नेपाली नागरिक हो भन्ने पहिचानसमेत दिन सकिएको छैन ।"

उहाँले नीति तथा कार्यक्रमको ८१ नम्बर बुँदामा 'बालबालिकाको शारीरिक तथा मानसिक विकास र संरक्षण गरिने छ। सडक बालबालिकाका लागि पारिवारिक पुनर्मिलन, सामाजिक पुनर्स्थापना र वैकल्पिक हेरचाहको व्यवस्था मिलाइने छ । बाल हेल्पलाइन सेवालाई नागरिक एपसँग जोडिनेछ' भनिए पनि त्यसका लागि छुट्टै नीतिको आवश्यकता पर्नेमा जोड दिनुभयो ।

सरकारले बालबालिकासम्बन्धी सही तथ्याङ्कसमेत राख्न नसकेको उल्लेख गर्दै सांसद श्रेष्ठले सडक बालबालिका, अभिभावकविहीन बालबालिका, नेपाली आमाबाट जन्मिएका बालबालिकाको व्यवस्थापनका लागि सरकारले छुट्टै नीति बनाएर जन्मदर्ता र नागरिकता वितरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।
उहाँले भन्नुभयो, "धेरै बालबालिका लागुऔषध दुर्व्यसनबाट प्रभावित छन्, बाल सुधारगृहमा अघिल्लो वर्ष घटेका घटनाबारे हामी सबैलाई सर्वविदितै छ, विभिन्न समूहका बालबालिकाको जिम्मा दिए पनि आवश्यक कार्यक्रम बनाएर सुधार गर्न र सुरक्षित राख्नुपर्ने देखिन्छ ।"

उहाँले संविधानको धारा ३९ मा उल्लेख 'प्रत्येक बालबालिकालाई परिवार तथा पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ' भन्ने व्यवस्थालाई सरकारले नीति तथा कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्नुपर्ने माग गर्नुभयो । बालबालिकालाई दिइँदै आइएको पोषण भत्तालाई रु ५३२ बाट बढाएर रु एक हजार बनाउनुपर्ने माग पनि उहाँले गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद चन्द्रबहादुर विश्वकर्माले सरकारले ल्याएको नीति तथा कार्यक्रमप्रति ५ मिनेट मौन बसेर असहमति जनाउनुभएको छ । सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममाथिको छलफलमा समामुखले उपलब्ध गराउनुभएको ५ मिनेटको समयभरि रोस्टममा मौन रहेर उहाँले असहमति जनाउनुभएको हो ।

नेपाली कांग्रेसका सांसद सीताकुमारी रानाले नीति तथा कार्यक्रमलाई पूर्णरूपमा कार्यान्वयन गर्न उचित बजेटको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो । उहाँले भन्नुभयो, "नीति तथा कार्यक्रमले सामाजिक रुपान्तरण, सुशासन र सामाजिक न्याय, सुखी नेपाली, समृद्ध नेपालको आकाङ्क्षा पूरा गर्न विभिन्न कार्यक्रम गरेको देखिन्छ, जुन आफैँमा सकारात्मक छन् ।"

उहाँले सरकारले ल्याएको नीति तथा कार्यक्रममा समावेश 'रोजगारीका अवसर सिर्जना र गरिबी निवारणका लागि सार्वजनिक, सहकारी र निजी क्षेत्रबीच सहकार्य प्रवर्द्धन गरिनेछ । उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिका लागि सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहन गर्नुका साथै वित्तीय तथा मौद्रिक नीतिबीच सामञ्जस्यता कायम गरिनेछ', भन्ने विषयलाई बजेटमाफर्त व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । सांसद रानाले भूमिहिन दलित र सुकुम्वासी तथा अव्यवस्थित बसोबासलाई वितरण गर्ने विषय नीति तथा कार्यक्रममा समावेश गरिए पनि कार्यान्वयन हुने/नहुनेमा आशङ्का व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "२०५१ सालदेखि अहिलेसम्म सुकुम्वासी समस्या समाधन आयोग, राष्ट्रिय भूमि आयोग र भूमि समस्या समाधन आयोग गरी नाम बदल्दै आठ वटा आयोग बनिसके, आयोग बन्ने तर समस्या समाधान नहुने स्थितिले सुकुम्वासी नागरिकमा विश्वास हराएको छ ।"

ऐतिहासिक पुरातत्त्व र सांस्कृतिक महत्त्व बोकेका सम्मपदाहरूलाई विश्व सम्पदा सूचीमा समावेश गर्दै उचित प्रवर्द्धन गर्ने विषय नीति तथा कार्यक्रममा सधैँ राखिएपनि बजेटको व्यवस्था हुन नसकेको उहाँको भनाइ छ ।

**नीति कार्यक्रमभित्र सत्तापक्षले देखेको आशा, प्रतिपक्षको निराशा**

सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत आगामी आर्थिक वर्ष २०८२/८३ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल प्रतिनिधिसभामा जारी छ । नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा शुक्रबार भएको छलफलमा सत्तापक्षका सांसदले समर्थन र विपक्षी सांसदले आलोचना गर्नुभएको छ । सत्ता साझेदार दलका सांसदले प्रस्तुत नीति तथा कार्यक्रमले जनतामा आशा जगाएको, विकासको ढाँचा र संस्कृति बदल्ने सङ्कल्प लिएको, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने दिशातर्फ उन्मुख रहेको बताउनुभयो । प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)सहित विपक्षी सांसदहरुले नीति कार्यक्रमले जनअपेक्षा सम्बोधन गर्न नसक्ने आरोप लगाउनुभयो ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद गोकुलप्रसाद बाँस्कोटाले प्रस्तुत नीति तथा कार्यक्रममार्फत सरकारले विकासको ढाँचा र संस्कृति बदल्ने, आद्योगिकीकरणको थालनी गर्ने, भूमि बैंक स्थापना, युवापुस्ता लक्षित स्टार्टअपमा लगानी वृद्धि गर्ने सङ्कल्प लिएको बताउनुभयो ।

एमाले सांसद दीपा शर्माले नीति तथा कार्यक्रम प्रगतिशील, व्यावहारिक, स्पष्ट र जनमुखी रहेको बताउनुभयो । "देशमा व्याप्त निराशालाई हटाउने, जनतामा आशा, भरोसा र उत्साह भर्न सक्ने, तीव्र आर्थिक विकास, सुशासन, रोजगारी र सेवा प्रवाहलाई उच्च प्राथमिकता दिनेगरी आएको नीति कार्यक्रमको पूर्ण समर्थन गर्न चाहन्छु", उहाँले भन्नुभयो ।

एमाले सांसद महेश बस्नेतले गठबन्धन सरकारको मर्म, भावना र समझदारीअनुसार नीति तथा कार्यक्रम प्रस्तुत भएको उल्लेख गर्दै सर्वपक्षीय सहमतिका आधारमा संविधान संशोधन गर्ने उद्घोष सकारात्मक भएको बताउनुभयो । एमाले सांसद नारायणप्रसाद आचार्यले 'समृद्ध नेपाल सुखी नेपाली'को आकाङ्क्षा पूरा गर्ने लक्ष्यसहित प्रस्तुत सरकारको आगामी आवको नीति तथा कार्यक्रमको समर्थन गर्दै सबैको एकताबद्ध प्रयासबाट कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी, सत्तासाझेदार नेपाली कांग्रेसका सांसद शङ्कर भण्डारीले संविधान संशोधनका क्रममा सङ्घीयता र धर्मनिरपेक्षताका सम्बन्धमा जनमत सङ्ग्रह गर्नुपर्नेमा जोड दिनुभयो । कांग्रेस सांसद कान्तिका सेजुवालले दुर्गम क्षेत्रका नागरिकलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउन विशेष योजना र मानसिक तथा सामुदायिक स्वास्थ्य सेवाका कार्यक्रम थप गर्न सुझाव दिनुभयो ।

कांग्रेसका सांसद दीपक गिरीले जलवायु परिवर्तनको असरसँग जुध्ने, रोजगारी सृजना, उत्पादन वृद्धिलगायतको योजना नसमेटिएको परम्परागत शैलीको नीति कार्यक्रमले मुलुकको समस्या समाधान गर्न नसक्ने धारणा व्यक्त गर्नुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद सर्वेन्द्रनाथ शुक्लाले नीति कार्यक्रममार्फत विभिन्न क्षेत्रमा सुधार गर्ने सरकारको दृढता प्रशंसनीय रहेको बताउनुभयो । नागरिक उन्मुक्ति पार्टीका सांसद गङ्गाराम चौधरीले सुशासन, रोजगारी, युवा केन्द्रित स्टार्टअप कार्यक्रम, अनावश्यक संरचना खारेज, परियोजना बैंकलगायत नीति कार्यक्रममा प्रस्तुत बुँदाको कार्यान्वयनबाट सरकारप्रति जनताको आशा भरोसा बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद रेखा शर्माले नीति तथा कार्यक्रममाथिको छलफलमा आएको सुझावलाई समेटेर लैजान आग्रह गर्दै प्रस्तुत नीति तथा कार्यक्रमले जनअपेक्षा पूरा गर्न र समाजवादको आधार तय गर्न नसक्ने बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद अर्यालले संविधान कार्यान्वयनका क्रममा देखिएको कमीकमजोरी सच्याउन सहमतिका आधारमा संशोधन प्रक्रिया अघि बढाउने नीति कार्यक्रममा उल्लेख भए पनि संविधान संशोधनकै मुख्य एजेण्डा बनाएर सत्ता सहयात्रा गरेको दलले पछिल्लो १० महिनामा केही नगरेबाट संविधान संशोधन सत्ताप्राप्तिको एजेण्डा मात्रै भएको आरोप लगाउनुभयो ।रासस

## संस्कृति र पर्यटन प्रवर्द्धन प्रदेश सरकारको प्राथमिकताः मुख्यमन्त्री आचार्य

लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशभित्रका धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले महत्त्वपूर्ण सम्पदा र स्थलहरूको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसारलाई उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ ।

मुख्यमन्त्री आचार्यले पाल्पाको रुरुक्षेत्र धाममा आयोजित 'प्रथम रुरुक्षेत्र शालग्राम महोत्सव २०८२' को शुक्रबार उद्घाटन गर्नुहुँदै आन्तरिक तथा बाह्य



पर्यटकहरू भित्र्याउने गरी सरकारले ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसारलाई प्राथमिकता दिएको बताउनुभयो ।

'घुम्न जाऔँ बर्दिया', ' पाणिनि तपोभूमि सम्मेलन' र 'रुरु शालग्राम महोत्सव' जस्ता कार्यक्रम यही उद्देश्यका साथ आयोजना गरिएको मुख्यमन्त्री आचार्यले स्पष्ट पार्नुभयो । उहाँले लुम्बिनी प्रदेशका धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरूमा आन्तरिक तथा बाह्य पर्यटकहरूको सङ्ख्या बढ्ने क्रममा रहेको जानकारी दिनुभयो ।यसैगरी, मुख्यमन्त्री आचार्यले धार्मिक आस्था, नैतिक आचरण र संस्कृतिको संरक्षणमा ध्यान दिन आवश्यक रहेको उल्लेख गर्दै समाजमा बढ्दो अराजकताको अन्त्यका लागि असल संस्कार, संस्कृति र मूल्य-मान्यताहरूको जगेर्ना गर्नुपर्ने खाँचो औँल्याउनुभयो ।

"मुलुकमा अराजकता छाइरहेको छ । अराजकता छाउनुको पछाडिको एउटा कारण भनेको हामीले धर्म, नैतिकता र संस्कृति भुल्यौँ ।

यिनै कारणले आजका युवाहरू अराजकतातिर धकेलिएका छन्," मुख्यमन्त्री आचार्यले भन्नुभयो, "हामीले धर्म र संस्कृतिको संरक्षण गर्न जरुरी छ । त्यसैलाई आत्मसात् गरी प्रदेश सरकारले यी कार्यक्रमहरूलाई प्राथमिकताका साथ अगाडि बढाएको हो ।"

मुख्यमन्त्री आचार्यले ऐतिहासिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धनबाट समृद्धिको यात्रा तय गर्न सकिने धारणा राख्नुभयो ।

लुम्बिनी प्रदेश तपोभूमि भएको उल्लेख गर्दै उहाँले प्रदेशअन्तर्गतका जिल्लाका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व दर्शाउँदै रुरुक्षेत्रको शालग्रामलाई विश्वजगत्मा पुऱ्याउन सकिने र धार्मिक पर्यटकहरू भित्र्याउन सक्ने आधार रहेको स्पष्ट पार्नुभयो ।

उहाँले गौतम बुद्धको जन्मस्थल लुम्बिनी र पाणिनि ऋषिको जन्मस्थलसहित संस्कृत व्याकरण लेखनस्थान पाणिनि तपोभूमिलगायत प्रदेशभित्रका धार्मिक तथा सांस्कृतिक स्थलहरूलाई एकापसमा जोड्ने गरी बृहत् योजना अघि बढाएको जानकारी दिनुभयो ।नेपालका चार प्रमुख धार्मिक धामहरूमध्येको रुरुक्षेत्रमा 'शालग्राम दिवस' का अवसरमा पर्यटन डिभिजन कार्यालय रुपन्देही र तानसेन नगरपालिकाको सहकार्य तथा ऋषिकेश मन्दिर व्यवस्थापन समितिको व्यवस्थापनमा महोत्सव आयोजना गरिएको हो ।

ऐतिहासिक, धार्मिक तथा प्राकृतिक रूपमा महत्वपूर्ण रुरुक्षेत्रमा आयोजना गरिएको महोत्सवबाट स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा प्रचारप्रसारसहित पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास गरिएको छ ।रासस

## सरकारले औपचारिकाताका लागि मात्रै नीति तथा कार्यक्रम ल्याएको देखियो : अध्यक्ष लिङ्देन

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम सरकारले औपचारिकताका लागि मात्रै ल्याएको जस्तो देखिएको बताउनुभएको छ । यसले जनतामा निराशा पैदा गरेको उहाँले उल्लेख गर्नुभयो ।

सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथिको छलफलमा दलीय आधारमा आफ्नो धारणा राख्दै अध्यक्ष लिङ्देनले भन्नुभयो, "यो नीति तथा कार्यक्रमप्रति जनताको आशा पनि छैन, भरोसा पनि छैन ।"

फरक मत राख्ने पार्टीको मतलाई पनि सम्मान गर्नुपर्ने अध्यक्ष लिङ्देनको भनाइ थियो । बूढीगण्डकी जस्तो राष्ट्रिय गौरवको आयोजना नीति तथा कार्यक्रमको प्राथमिकतामा नपरेकामा उहाँले आपत्ती व्यक्त गर्नुभयो ।

नीति तथा कार्यक्रममा युवालाई रोजगारी सिर्जना गर्ने कुनै पनि कार्यक्रम समावेश नगरिएको उहाँले टिप्पणी गर्नुभयो ।

सांसद राजेन्द्रप्रसाद पाण्डेले आर्थिक मन्दी, युवा पलायन र रेमिट्यान्सको भरमा देशको अर्थतन्त्र निर्भर रहनुपर्ने अवस्था भएको बताउनुभयो । "विभिन्न जातजातिबीच द्वन्द्व छ, यतिबेला संस्थाका असक्षमता र कुशासनलाई सच्याउने ठोस योजना लिएर नीति तथा कार्यक्रम आउन सकेन, आम जनताको जीविकोपार्जनमा देखिएका समस्या समाधान गर्नेगरी यो नीति तथा कार्यक्रम आउन सकेन", उहाँले भन्नुभयो । रासस

## सगरमाथा संवादको अन्तिम तयारीमा छौँ : परराष्ट्रमन्त्री

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालले आयोजना गरेको 'सगरमाथा संवाद' को पहिलो संस्करणको अन्तिम तयारीमा सरकार रहेको जानकारी दिनुभएको छ । मन्त्री डा राणाको अध्यक्षतामा शुक्रबार परराष्ट्र मन्त्रालयमा बसेको सगरमाथा संवाद व्यवस्थापन समितिको बैठकमा उहाँले सो जानकारी गराउनुभएको हो ।

उहाँले नेपालले यस्तो अन्तरर्राष्ट्रिय सम्मेलन पहिलो पटक गर्न लागेको र एक स्थायी कूटनीतिक फोरमका रूपमा वर्षेनी आयोजना गर्ने निर्णय गरिसकेकोले यस कार्यक्रमलाई नेपालका लागि अत्यावश्यक तथा प्रभावकारी फोरमका रूपमा विकास गर्नेगरी परराष्ट्र मन्त्रालयले मेहनत गरिरहेको बताउनुभयो ।

जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्यका विषयमा केन्द्रित रहेर यही मे महिनाको १६ देखि १८ सम्म काठमाडौँमा आयोजना गरिएको यस कार्यक्रम अन्तर्राष्ट्रिय स्तरमा नेपालको उपस्थितिका लागि एक महत्त्वपूर्ण प्लेटफर्म भएकाले सरकारले यसलाई सफल पार्न लागिपरेको जानकारी मन्त्री डा राणाले दिनुभयो ।

उहाँले भन्नुभयो, "जलस्रोत तथा पर्यावरणको मुख्य स्रोतका रूपमा रहेका नेपालका हिमाल पग्लिने क्रम बढ्दै गएको तथा नेपालले जलवायु परिवर्तनको अकल्पनीय क्षति व्यहोरिरहेको वर्तमान अवस्थाको सामूहिक वकालत गर्न तथा नेपालले विश्व मञ्चहरूमा उठाउँदै आएको जलवायु न्यायको आवाजलाई थप बुलन्द पार्न यो सम्मेलन महत्त्वपूर्ण हुनेछ ।"

उहाँले जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रीय र विश्वव्यापी महत्त्वका गम्भीर मुद्दाहरूमा छलफल गर्न विश्वव्यापी संवाद मञ्चका रूपमा सगरमाथा संवादको सुरुआत गरेको र यस वर्षको यो पहिलो संस्करण रहेको पनि स्पष्ट गर्नुभयो । मन्त्री डा राणाले यस संवादमार्फत् जलवायु परिवर्तनबाट प्रभावित समुदाय, वैज्ञानिक, नीति निर्माता, पर्वतारोही, विश्वका नेताहरू एवं अन्तर्राष्ट्रिय सङ्घसङ्गठनहरूलाई छलफल र प्रतिबद्धताका लागि एकसाथ ल्याउने प्रयास नेपालले गरेको पनि बताउनुभयो ।

सगरमाथा संवादको पहिलो संस्करणको व्यवस्थापन समिति संयोजक रहनुभएकी मन्त्री डा राणाले अन्तर्राष्ट्रिय समुदायको उच्चस्तरीय सहभागिता गराउने प्रयास गरिएको र उत्साहजनक रूपमा उहाँहरुले सहभागिताको सुनिश्चित पनि गर्नुभएको जानकारी दिनुभयो ।मन्त्री डा राणाले यस स्तरको कार्यक्रम नेपालका लागि एउटा ठूलो अवसर भएकाले आआफ्ना स्थानबाट सक्दो योगदान गर्न परराष्ट्र तथा सम्बद्ध सबै मन्त्रालयका कर्मचारी, निजी क्षेत्र तथा विश्वमा रहेका सबै नेपाली नियोगहरूलाई निर्देशन दिनुभयो । रासस


**लक्ष्मीनियाँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लक्ष्मीनियाँ बजार, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गने आशाय को सूचना**

सूचना प्रकाशित मिति– २०८२ ०१ २८ गते

यस गाउँपालिकाको तपशिल बमोजिमको ठेक्का नं मा उलेखित कार्यको लागि विद्युतीय (e–GP) प्रणाली मार्फत प्रकाशित दरभाउपत्र आव्हानको सूचना अनुसार तोकिएको म्याद भित्र रितपुर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मुल्याङ्कन समितिबाट न्युनतम मुल्याङ्कन भई सारभुत रुपमा प्राभावग्राही देखि स्वीकृतीको लागि तपशिल बमोजिमको दरभाउपत्र छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ उपदफा (२) र (३) तथा सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ दरभाउपत्र पेश गर्ने सम्बन्धी सबैको जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्रदाता को नाम र ठेगाना | कबोल अंक (VAT / PS वाहेक) |
|---|---|---|---|---|
| १ | LAX/WORKS/ 01-2081/82 | Wada no.7 Prabin Mishrako ghar dekhi Jibu Mishra ko ghar hudai Prashant Mishra ko ghar samma PCC dhalan karya | M/S Nursing Builders, Janakpurdham- 8 | ११,२९९३८।०० |
| २ | LAX/WORKS/ 02-2081-82 | Wada no.7 Brahamsthan ma boundary wal | M/S Nursing Builders, Janakpurdham- 8 | ८,७८१६७।९० |
| ३ | LAX/WORKS/ 03-2081/82 | Lata Yadav ko Ghar dekhi Tapanpur jane bato starunnati | M/S Nursing Builders, Janakpurdham- 8 | १३,३८३२२।८५ |

**प्रमुख प्रशासकीय अधिकृत**

# विश्व नेताहरूलाई भव्य सेना परेडमा आतिथ्य दिने तयारीमा पुटिन

एएफपी

मस्को ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शुक्रबार मस्कोमा भव्य दोस्रो विश्वयुद्ध विजय दिवस परेडको आयोजना गर्दै हुनुहुन्छ । यो त्यस्तो कार्यक्रम हो जसले क्रेमलिनलाई घरेलु देशभक्ति बढाउन र उहाँका सैनिकहरू युक्रेनमा लडिरहेका बेला विदेशमा शक्ति प्रदर्शन गर्न मद्दत गर्ने आशा राखेको छ ।

चीनका राष्ट्रपति सी जिनपिङ र स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोसहित २० भन्दा बढी विदेशी गणमान्य व्यक्तिहरू यस वर्षको वार्षिक परेडमा उपस्थित हुने कार्यक्रम छ । यो सन् २०२२ मा मस्कोले आफ्नो छिमेकीमा पूर्ण-स्तरको सैन्य आक्रमण सुरु गरेपछिको चौथो हो ।अधिकारीहरूले यस वर्षको सम्झनालाई - नाजी जर्मनीविरुद्धको सोभियत विजयको ८०औँ वार्षिकोत्सव - 'सबैभन्दा ठूलो' हुने वाचा गरेका छन् र पुटिनले बिदाको अवधिमा युक्रेनसँग 'मानवीय' युद्धविरामको आदेश दिनुभएको छ ।

युक्रेनले युद्धविरामलाई एक मजाकका रूपमा खारेज गर्दै रूसमा भइरहेको घटनाहरूलाई 'सिनिसिज्मको परेड' भनेर वर्णन गरेको छ र यसले विश्व नेताहरूको सुरक्षा सुनिश्चित गर्न सक्दैन भनेर चेतावनी दिएको छ ।पुटिनको सम्बोधनसहित समापन हुने यो उत्सव रेड स्क्वायरमार्फत सैन्य उपकरण र सैनिकहरूको विशाल परेडका साथ चिन्हित हुनेछ ।

युक्रेनमा सैनिकहरू पठाएपछि पुटिनले प्रायः रुसको आधुनिक सेना र नाजी जर्मनीसँग लड्ने सोभियत सैनिकहरूबीच समानता खिच्नुभएको छ ।आगन्तुक विदेशी नेताहरूको सम्मानमा आयोजित एक रात्रिभोजमा पुटिनले 'विजय' को लागि प्रस्ताव राख्नुभयो ।रुसले सन् २०२२ फेब्रुअरीमा युक्रेनमाथि आक्रमण सुरु गर्‍यो र केही दिनमै देश कब्जा गर्ने आशा राखेको थियो । तर त्यसपछि रुस एक विशाल, रक्तपातपूर्ण सङ्घर्षमा फस्यो जसले हजारौँको ज्यान लिएको छ ।



**प्रिय मित्र सी**

मस्कोमा सुरक्षा कडा गरिएको छ। त्यहाँ आयोजकहरूले उपस्थित हुनेहरूलाई विजय परेडमा भेपर पेन, विद्युतीय स्कूटर वा 'कुनै जनावर' ल्याउन प्रतिबन्ध लगाएका छन् ।अधिकारीहरूले युक्रेनी आक्रमणको खतरा उद्धृत गर्दै राजधानीमा मोबाइल इन्टरनेट जडानहरू पनि जाम गरेका छन् ।

पुटिनले एकतर्फी रूपमा बिहीबारदेखि सुरु हुने बिदाको अवधिका लागि तीन दिने युद्धविरामको आदेश दिनुभयो तर युक्रेनले रुसलाई सयौँ पटक युद्धविराम भङ्ग गरेको आरोप लगाएकोछ।युक्रेनीअधिकारीहरूले रातभर खेरसनको दक्षिणी सहर र मध्य ड्निप्रोपेट्रोभ्स्क क्षेत्रमा आक्रमणको रिपोर्ट गरेका छन्, जसमा दुई व्यक्ति घाइते भएका छन् ।

किएभले परेडले 'नाजीवादको विजयसँग कुनै सम्बन्ध छैन' भनी तर्क गरेको छ र रेड स्क्वायरमा मार्च गरिरहेका व्यक्तिहरू 'धेरै सम्भवतः' युक्रेनीहरूप्रति अपराधमा संलग्न थिए भनेको छ ।यस वर्षका दुई सबैभन्दा महत्त्वपूर्ण पाहुना चीनका राष्ट्रपति सी जिनपिङ र ब्राजिलका राष्ट्रपति लुइज इन्सियो लुला दा सिल्भा हुनुहुन्छ ।ब्रसेल्सको चेतावनीका बावजुद स्लोभाक प्रधानमन्त्री रोबर्ट फिको पनि उपस्थित हुनुहुनेछ । उहाँ विजय परेडमा भाग लिने युरोपेली सङ्घ (इयु) बाट एक मात्र नेता हुनुहुन्छ ।

मास्कोसँग ऐतिहासिक रूपमा बलियो सम्बन्ध भएको सर्बियाका राष्ट्रपति अलेक्सान्डर भुसिक पनि सामेल हुनुहुनेछ । परेडको अघिल्लो दिन सी र पुटिनले क्रेमलिनमा भेट गर्नुभयो र तीन घण्टाभन्दा बढी कुराकानी गर्नुभयो ।उहाँहरूको भेटपछि पुटिनले चिनियाँ नेतालाई 'प्रिय मित्र' भनेर सम्बोधन गर्नुभयो भने दुवै नेताले पश्चिमप्रति विद्रोहका सन्देशहरू जारी गर्नुभयो ।

**महान देशभक्ति युद्ध**

दोस्रो विश्वयुद्धलाई रूसमा आधिकारिक रूपमा 'महान देशभक्त युद्ध' का रूपमा सम्झना गरिन्छ ।

यो जर्मनीको सोभियत सङ्घमा सन् १९४१ मा आश्चर्यजनक आक्रमणबाट सुरु भएर सन् १९४५ मा जर्मनीको आत्मसमर्पणमा समाप्त हुन्छ ।सोभियत सङ्घ नाजी जर्मनीसँग अनाक्रमणको सम्झौतामा रहेको सन् १९३९ र सन् १९४१ को बीचको समयलाई आधिकारिक इतिहास पुस्तकहरूमा छोटकरीमा उल्लेख गरिएको छ ।

युद्धले सोभियत सङ्घमा विनाशकारी प्रभाव पारेको थियो र यसको परिणामस्वरूप दुई करोडभन्दा बढी नागरिक र सैनिकको मृत्यु भएको थियो ।मे ९ लाई रूसको सबैभन्दा महत्त्वपूर्ण सार्वजनिक बिदा बनाउँदै र आफ्नो सेनालाई फासीवाद विरुद्धको रक्षकका रूपमा प्रचार गर्दै पुटिनले आफ्नो चौथो-पाँच वर्षको सत्तामा यो राष्ट्रिय आघातलाई प्रयोग गर्दै आउनुभएको छ ।

अधिकारीहरूले युक्रेन आक्रमण सुरु भएको केही हप्तापछि सेनामाथि आलोचना गर्न प्रतिबन्ध लगाएका छन् र त्यसपछि रूसको पोष्ट-सोभियत इतिहासमा सबैभन्दा ठूलो घरेलु कारबाहीमा हजारौँलाई आरोप लगाएका छन् ।आक्रमणपछि प्रस्तुत गरिएका विद्यालयका पाठ्यपुस्तकहरूले युक्रेनलाई 'अल्ट्रा-राष्ट्रवादी राज्य' भनेर उल्लेख गरेका छन् । यसले सन् १९४१ र १९४४ बीचमा देशलाई शासन गर्ने नाजी कब्जा सरकारसँग तुलना गर्छ ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले रुसलाई युक्रेनको 'डि-नाजीकरण' गर्न आवश्यक छ भन्ने पुटिनको दाबीलाई 'अविवेकी' भन्नुभएको छ ।किएभको समर्थनमा प्रतीकात्मक समर्थन देखाउन परेडसँग मेल खाने गरी युक्रेनका पश्चिमी समर्थकहरूले शुक्रबार ल्भिभमा एक बैठकमा रुसको सैन्य अभियानका लागि रुसको शीर्ष नेतृत्वलाई परीक्षण गर्न विशेष न्यायाधिकरण स्थापना गर्ने कुरामा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ ।

बेलायती प्रधानमन्त्री किर स्टार्मरले पनि शुक्रबार नर्वेमा जोइन्ट एक्सपेडिसनरी फोर्स (जेइएफ) को बैठकअघि रुसको तथाकथित छाया बेडालाई लक्षित गर्दै नयाँ प्रतिबन्धहरू घोषणा गर्नुभयो । यसमा युक्रेनको समर्थन एजेन्डामा रहने अपेक्षा गरिएको छ ।

# आइपिएल अनिश्चित कालका लागि स्थगित



एएफपी

नयाँदिल्ली । भारतीय प्रिमियर लिग (आइपिएल) नयाँदिल्ली र पाकिस्तानबीचको बढ्दो सीमा तनावका कारण अनिश्चित कालका लागि स्थगित गरिएको भारतीय मिडियाले शुक्रबार रिपोर्ट गरेका छन् ।

बिहीबार धर्मशालामा भएको खेल रद्द भएपछि क्रिकेट अधिकारीहरूले टी२० प्रतियोगिता स्थगित गर्ने निर्णय गरेका हुन् ।

धर्मशाला केही घण्टाअघि विस्फोट भएको जम्मू सहरबाट दुई सय किलोमिटरभन्दा कम दूरीमा छ ।

पाँच पटकको विजेता चेन्नई सुपर किङ्गसले एक्समा लेखेको छ, "प्रत्येक कदममा साहस । प्रत्येक धड्कनमा गर्व । हाम्रा सशस्त्र सेनाहरूलाई सलाम !"यो खाताले सशस्त्र सेनाको तस्वीर ट्याग गरेको छ र यसमा लेखिएको छः 'राष्ट्र पहिले । अन्य सबै कुरा पछि ।'

दश टोलीको आइपिएल मार्च २२ मा सुरु भएको थियो । आइपिएलमा विश्वभरका धेरै क्रिकेट स्टारहरू छन् र यो खेलको सबैभन्दा धनी प्रतियोगिता हो ।लखनऊ सुपर जायन्ट्सले शुक्रबार रोयल च्यालेन्जर्स बेङ्गलुरुलाई आतिथ्यता गर्ने तालिका थियो ।फाइनल मे २५ मा कोलकाताको इडेन गार्डेनमा हुने तालिका थियो र यसले सामान्यतया विश्वभरको ठूलो टेलिभिजन दर्शक सङ्ख्या आकर्षित गर्दछ ।

विदेशी स्टारहरू मध्ये अस्ट्रेलियाका प्याट कमिन्स, मिचेल स्टार्क, जोश हेजलवुड, ट्राभिस हेड र मिच मार्श हुनुहुन्छ भने पूर्व कप्तान रिकी पोन्टिङ्ले पञ्जाबलाई प्रशिक्षण दिइरहनुभएको छ ।क्रिकेट अस्ट्रेलियाले स्थगन समाचारअघि शुक्रबार एक वक्तव्यमा भनेको छ, "हामी पाकिस्तान र भारतमा स्थितिको नजिकबाट निगरानी गरिरहेका छौँ... र हाल क्षेत्रमा रहेका हाम्रा खेलाडी र सहयोगी कर्मचारीहरूसँग सञ्चार कायम गरिरहेका छौँ ।"

पाकिस्तान क्रिकेटले पहिले नै आफ्नो टी२० लिगका बाँकी खेलहरू खेलाडी सुरक्षाका कारण संयुक्त अरब इमिरेट्समा सार्ने निर्णय गरिसकेको छ ।भारत र पाकिस्तानले सन् १९४७ मा ब्रिटिश शासनबाट स्वतन्त्रता प्राप्त गरेपछि काश्मीरमाथि आफ्ना तीन पूर्ण युद्धमध्ये दुई लडेका छन् । काश्मीर एक विवादित क्षेत्र हो । काश्मीरमाथि दुवै देशले पूर्ण दाबी गर्छन् तर छुट्टाछुट्टै भागहरू प्रशासन गर्दछन् ।

नयाँदिल्लीले दुई हप्ताअघि भारत-नियन्त्रित काश्मीरमा भएको घातक आक्रमणको बदलामा बुधबार बिहान मिसाइल प्रहार गरेको थियो । उक्त आक्रमणका लागि भारतले पाकिस्तानलाई दोष लगाएको छ । इस्लामाबादले कुनै पनि संलग्नता अस्वीकार गरेको छ ।दक्षिण एसियाली यी दुई छिमेकीबीच दशकौँको सबैभन्दा खराब हिंसामा बुधबारदेखि सीमाका दुवैतर्फ कम्तीमा ४८ जनाको मृत्यु भएको छ ।

# एक्सलाई ८ हजारभन्दा बढी खाता ब्लक गर्न भारतको निर्देशन

एएफपी

वासिङ्टन । भारतले एक्सलाई आठ हजारभन्दा बढी खाता ब्लक गर्न आदेश दिएको प्लेटफर्मले बिहीबार जानकारी दिएको छ । साथै प्लेटफर्मले सरकारद्वारा लागू गरिएको 'सेन्सरसिप' भनेर वर्णन गरेको कुरासँग अनिच्छापूर्वक पालना गरिरहेको जनाएको छ ।

यो कदम भारतको व्यापक कारबाहीको हिस्सा जस्तो देखिन्छ, जसले आणविक-सशस्त्र छिमेकीहरू बीच बढ्दो तनाव र घातक झडपहरूका बीचमा पाकिस्तानी राजनीतिज्ञ, सेलिब्रिटी र मिडिया संस्थानहरूका सामाजिक मिडिया खाताहरूलाई लक्षित गरेको छ ।

एक्सका अनुसार अन्तर्राष्ट्रिय समाचार संस्थाहरू र अन्य प्रमुख प्रयोगकर्ताहरूलाई ब्लक गर्न माग गरेको यो आदेश मेटाले नयाँदिल्लीको अनुरोधमा इन्स्टाग्राममा एक प्रमुख मुस्लिम समाचार पेज भारतमा प्रतिबन्धित गरेको एक दिन पछि आएको हो ।"कम्पनीका स्थानीय कर्मचारीहरूलाई उल्लेखनीय जरिवाना र कारावासको सम्भावित दण्डसहित एक्सले भारत सरकारबाट कार्यकारी आदेशहरू प्राप्त गरेको छ जसमा एक्सले भारतमा आठ हजारभन्दा बढी खाता ब्लक गर्न आवश्यक छ", साइटको विश्वव्यापी सरकारी मामिला टोलीले एक विज्ञप्तिमा भनेको छ ।

धेरैजसो मामिलामा सरकारले खाताहरूबाट कुन पोस्टहरूले भारतीय कानून उल्लङ्घन गरेको छ भनेर निर्दिष्ट गरेको थिएन र अन्य धेरैमा यसले ब्लकहरूका लागि कुनै प्रमाण वा औचित्य प्रदान गरेको थिएन ।एलन मस्कको स्वामित्वमा रहेको प्लेटफर्मले मागहरूसँग असहमति जनाएको तर भारतमा निर्दिष्ट खाताहरू रोक्ने प्रक्रिया सुरु गरेको बताएको छ ।

"सम्पूर्ण खाताहरू अवरुद्ध गर्नु अनावश्यक मात्र होइन, यो विद्यमान र भविष्यका सामग्रीको सेन्सरसिप बराबर हो, र अभिव्यक्ति स्वतन्त्रताको मौलिक अधिकारको विपरित हो", विज्ञप्तिमा भनिएको छ, "यो सजिलो निर्णय होइन, यद्यपि प्लेटफर्मलाई भारतमा पहुँचयोग्य राख्नु भारतीयहरूको सूचना पहुँच गर्ने क्षमताका लागि महत्त्वपूर्ण छ ।"

काश्मीरको विवादित मुस्लिम बहुल क्षेत्रमा भारतद्वारा शासित क्षेत्रमा पर्यटकहरूमाथि घातक आक्रमणलाई समर्थन गरेकामा नयाँदिल्लीले इस्लामाबादलाई दोष दिएको दुई हप्तापछि भारत र पाकिस्तानबीचको भीषण लडाइँका बीच यो कदम आएको हो ।पाकिस्तानले उक्त आरोप अस्वीकार गरेको छ ।भारतले बुधबार 'आतङ्कवादी शिविरहरू' लाई लक्षित गरेको भन्दै हवाई आक्रमण सुरु गरेदेखि बढ्दो हिंसामा सीमाको दुवै छेउमा कम्तीमा ४८ जनाको मृत्यु भएको छ ।दुवै देशले बिहीबार एकअर्कामाथि ड्रोन आक्रमणको आरोप लगाएका छन् ।

एक्सले कानूनी प्रतिबन्धहरूका कारण भारतीय कार्यकारी आदेशहरू सार्वजनिक गर्न नसक्ने बताएको छ, तर यसले प्रभावित प्रयोगकर्ताहरूलाई 'अदालतहरूबाट उपयुक्त राहत खोज्न' प्रोत्साहित गरेको छ ।यसले प्रभावित प्रयोगकर्ताहरूको नाम उल्लेन गरेन, तर हालैका दिनहरूमा भारतीय मिडियाले भारतले पाकिस्तानी राजनीतिज्ञ बिलावल भुट्टो जरदारी र पाकिस्तानका पूर्व प्रधानमन्त्री तथा क्रिकेट कप्तान इमरान खानका एक्स खाताहरू ब्लक गरेको रिपोर्ट गरेको छ ।


भारतले पाकिस्तानी समाचार संस्थाहरूसहित 'उत्तेजक' सामग्री फैलाएको आरोपमा एक दर्जनभन्दा बढी पाकिस्तानी युट्युब च्यानलहरूलाई पनि प्रतिबन्ध लगाएको छ ।पाकिस्तानी बलिउड चलचित्रका नियमित कलाकार फवाद खान र आतिफ असलम पनि भारतमा सीमित थिए । साथै स्टार ब्याट्सम्यान बाबर आजम र मोहम्मद रिजवान र सेवानिवृत्त खेलाडी शाहिद अफ्रिदी र वसीम अकरमसहित विभिन्न प्रकारका क्रिकेटरहरू पनि भारतमा सीमित थिए ।

दक्षिण एसियाली यी दुई छिमेकीबीच बढ्दो शत्रुताले अनलाइन गलत सूचनाको बाढी ल्याएको छ । सामाजिक मिडिया प्रयोगकर्ताहरूले डिपफेक भिडियोदेखि असम्बन्धित द्वन्द्वहरूको पुराना छविहरूसम्म सबै कुरा प्रसारित गरिरहेका छन्, जसलाई गलत तरिकाले चलिरहेको लडाइँसँग जोडिएको छ ।

# अमेरिकाका लियो चौधौँ २६७ औँ पोप निर्वाचित

एएफपी

भ्याटिकन सिटी । रोबर्ट प्रेभोस्ट सेन्ट पिटरस्थित गद्दीमा बस्ने २६७औँ सर्वोच्च पादरी बन्नुभएको छ । उहाँलाई अब 'लिओ चौधौँ' भनेर चिनिने छ। उहाँ पोपको भूमिका निर्वाह गर्ने प्रथम अमेरिकी बन्नुभएको छ । यद्यपि, उहाँलाई ल्याटिन अमेरिकी कार्डिनलका रूपमा बढी चिनिन्छ । बिशप बन्नुअघि उहाँले इसाई धर्मप्रचारका क्रममा धेरै वर्ष पेरूमा रहेर सेवा गर्नुभएको थियो ।



स्वर्गीय पोप फ्रान्सिसका उत्तराधिकारीका रूपमा चुनिएपछि लियो सेन्ट पिटर्स बेसिलिकाको बाल्कोनीमा आफ्नो पहिलो सम्बोधनका लागि उपस्थित हुँदा उहाँलाई दशौं हजार शुभेच्छुकहरूले स्वागत गरेका छन् । पोप चुनिएपछि दिएको पहिलो सार्वजनिक सम्बोधनमा उहाँले भन्नुभयो, "समग्र पृथ्वीमा जहाँ सुकै भए पनि सबै मानिसहरूमा शान्ति कायम रहोस्। "उहाँले भन्नुभयो, "हामीलाई र एक अर्कालाई, आपसमा वार्ता र छलफलको माध्यमबाट पुलहरू निर्माण गर्न सधैँ शान्ति र एकता कायम गर्न मद्दत मिलोस्।"

लियोकोसम्बोधनमादर्शकदिर्घाबाट तालीको गडगडाहतसहितको न्यानो स्वागत पाएको थियो । विशेष गरी पेरुमा दुई दशकभन्दा बढी समय बिताएका पोपले स्पेनी भाषामा बोल्दै आफ्ना पूर्ववर्ती फ्रान्सिसलाई नयाँ पोपका हैसियतमा औपचारिकरूपमा श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो ।

"उमेरका कारण कमजोर बनेका पोप फ्रान्सिसले रोमलाई आशीर्वाद दिएको आवाज हामीलाई अझै पनि हाम्रो कानमा गुञ्जिरहेको जस्तो लागिरहेको छ," लियोले अर्जेन्टिनी फ्रान्सिसको मृत्युको एक दिन अघि इस्टर सन्डेको सम्बोधन (प्रार्थना)लाई सङ्केत गर्दै भन्नुभयो । उहाँले भन्नुभयो, "हामीले कसरी एक आत्मदेखि अर्को आत्मसम्म पुग्ने पुल निर्माण गर्ने चर्च वा मिसनरी चर्च बन्ने र समग्र विश्वको शान्तिका लागि संवाद गर्ने निर्ववादित र स्वतन्त्र बाटोको खोजी गर्नुपर्छ।

**'व्यापक सम्मान'**

प्रिभोस्टको निर्वाचनलाई पेरूमा हर्षोल्लासका साथ स्वागत गरिएको छ । ।संयुक्त राज्य अमेरिकाको शिकागोमा सन् १९५५ मा जन्मनुभएका उहाँले पेरूको उत्तरी शहर शिक्लायोमा बिशपका रूपमा सेवा गर्नुभएको थियो जहाँ उहाँलाई पेरूको नागरिकका रूपमा पनि सम्मान प्राप्त गर्नुभएको छ

न्युयोर्कको सेन्ट प्याट्रिक्स क्याथेड्रलबाहिर ६६ वर्षीया रोजारिया भिगोरिटोले भन्नुभयो, "म हिँडिरहेको केही मिनेटमै आफूले उत्साह महसुस गर्न सकेकी छु। उहाँले लियो चौधौँलाई विश्वले एक सुधारकका रूपमा पाउनेछ ।

" विश्वका नेताहरूले २६७ औं पोपलाई स्वागत गर्दै भूराजनीतिक अनिश्चितताको समयमा विश्वव्यापी मुद्दाहरूमा चर्चसँग मिलेर काम गर्ने वाचा गरेका छन् ।

नयाँ पोपलाई द्वन्द्वग्रस्त विश्व मञ्चमा आफ्नो नैतिक आवाजलाई सशक्त पार्ने जिम्मेवारी रहेको छ साथै उहाँले विभाजित चर्चलाई एकताबद्ध गर्ने र यौन दुर्व्यवहार काण्डबाट निरन्तर पतनजस्ता ज्वलन्त मुद्दाहरूको सामना गर्ने प्रयास गर्नुपर्नेछ । कार्डिनल प्रिभोस्टको रूपमा नयाँ पोपले गरिब र विपन्नहरूको बचाउ गर्नुभएको छ । उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासी विरोधी नीतिहरूको आलोचना गर्ने लेखहरू अनलाइनमा पुनः पोस्ट गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले प्रिभोस्ट पोपको निर्वाचनबाट चुनिएकोमा स्वागत गर्दै सामाजिक सञ्जालमार्फत् एक सन्देश जारी गर्नुभएको छ ।

'हालै पोप नियुक्त हुनुभएका कार्डिनल रोबर्ट फ्रान्सिस प्रिभोस्टलाई बधाई," ट्रम्पले सामाजिक सञ्जालमा जारी सन्देशमा लेख्नुभएको छ ।

"उहाँ पहिलो अमेरिकी पोप बनेको महसुस गर्न पाउनु गर्वको कुरा हो। यो हाम्रो देशको लागि निकै ठूलो सम्मान र उत्साह भएको छ।"लियो चौधौं को निर्वाचन गर्न कति मत खसेको थियो भन्ने सार्वजनिक रूपमा जानकारी गराइने प्रचलन छैन, तर सम्मेलनले पछिल्ला इतिहासलाई पछ्याउँदै दुई दिन भन्दा कम समयमा निर्वाचन प्रक्रिया समाप्त गरेको छ ।

निर्वाचनको विवरण सधैंका लागि गोप्य रहने भए तापनि नयाँ पोपले निर्वाचित हुनका लागि कम्तीमा दुई तिहाइ मत प्राप्त गर्नुपर्थ्यो।

# विश्वकप एसिया छनोटः नेपाल र हङ्कङबीचको खेल रद्द



काठमाण्डु । आइसिसी महिला टी-ट्वान्टी विश्वकप एसिया छनोटअन्तर्गत शुक्रबार हुने भनिएको नेपाल र हङ्कङबीचको खेल रद्द भएको छ ।

थाइल्यान्डमा शुक्रबारदेखि सुरु भएको क्वालिफायर खेलअन्तर्गत नेपाल र हङ्कङबीचको खेल बिहीबार परेको पानीले मैदान भिजेपछि टससमेत नभई रद्द भएको हो । यससँगै दुवै टोलीले समान एक/एक अङ्क बाँडेका छन् । नेपालले अब आफ्नो दोस्रो खेल यही वैशाख २९ गते हङ्कङसँग खेल्नेछ । क्वालिफायरमा आयोजक थाइल्यान्डसहित नेपाल भुटान, कुवेत, कतार, मलेसिया, हङ्कङ, बहराइन र युएई सहभागी छन् । जसलाई तीन समूहमा विभाजन गरिएका छन् ।

नेपाल समूह 'सी' मा परेको छ । नेपालको समूहमा हङ्कङ र बहराइन छन् । यसैगरी समूह 'ए' मा आयोजक थाइल्यान्डसँगै भुटान र कुवेत छन् । समूह 'बी' मा संयुक्त अरब इमिरेट्स (युएई), मलेसिया र कतार छन् ।

समूह चरण डबल राउन्ड रोबिनका आधारमा हुनेछ । सबै टोलीले आआफ्नो समूहमा रहेका टिमसँग दुई पटक खेल्नेछन् । समूहको शीर्ष टोली सुपर तीनमा प्रवेश गर्नेछन् । सुपर तीनबाट लिग चरणको खेलपछि शीर्ष दुई स्थानमा रहने टोली ग्लोबल छनोटमा स्थान बनाउनेछन् ।रासस

# पोप लियोलाई चीनको बधाई, 'रचनात्मक संवाद' का लागि पहल हुनेमा विश्वास व्यक्त

एएफपी

बेइजिङ । चीनले पोप लियो चौधौँ क्याथोलिक चर्चको प्रमुखमा निर्वाचित भएकामा शुक्रबार बधाई दिँदै भ्याटिकनसँग 'रचनात्मक संवाद' जारी राख्ने आशा गरेको जनाएको छ ।

"नयाँ पोपको नेतृत्वमा भ्याटिकनले चीनसँग रचनात्मक संवाद जारी राख्ने र पारस्परिक चासोका अन्तर्राष्ट्रिय मुद्दाहरूमा गहन संवाद सञ्चालन गर्ने आशा गरिएको छ," विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले भन्नुभयो ।


बेइजिङ र भ्याटिकनले संयुक्त रूपमा सम्बन्धको निरन्तर सुधारलाई बढावा दिन र विश्व शान्ति, स्थिरता र विकास समृद्धिमा योगदान दिन सक्ने आशा लिनले व्यक्त गर्नुभयो ।शिकागोमा जन्मेका रोबर्ट फ्रान्सिस प्रेभोस्टलाई सिस्टिन च्यापलमा आयोजित गोप्य सम्मेलनपछि विश्वका एक अर्ब ४० करोड क्याथोलिक धर्मावलम्बीको नेतृत्वका लागि चयन गरिएको छ ।आधिकारिक रूपमा कुनै धर्ममा विश्वास नराख्ने (नास्तिक) चीन र भ्याटिकनबीचको सम्बन्ध लामो समयदेखि तनावपूर्ण छ।

नयाँ कम्युनिस्ट व्यवस्थासँगै चीनले सन् १९५१ मा होली सीसँग सम्बन्ध विच्छेद गरेको थियो भने चिनिया क्याथोलिकहरूलाई राज्य द्वारा संचालित चिनियाँ क्याथोलिक प्याट्रियटिक एसोसिएशनको सदस्यता वा पोपप्रति वफादार गैर-स्वीकृत चर्चहरू मध्ये एक रोज्ने विकल्प दिएको थियो । हालै दिवङ्गत हुनुभएका फ्रान्सिसको (लियोका पूर्ववर्ती) को नेतृत्वमा बेइजिङ र भ्याटिकनले सन् २०१८ मा बेइजिङ र होली सी दुवैलाई पादरी प्रमुख नियुक्त गर्न अनुमति दिने सम्झौतामा हस्ताक्षर गरेका थिए।

तर भ्याटिकनले सन् २०२२ र २०२३ मा बेइजिङले एकतर्फी रूपमा देशको सबैभन्दा ठूलो क्याथोलिक धर्मप्रांत साङ्घाईमा एक विशपसहित दुई पादरी प्रमुख नियुक्त गरेपछि खेद व्यक्त गरेको थियो ।

# सुक्खा बन्दरगाह बनेपछि रोजगारी पाउने आशा

दोधारा चाँदनी । दोधारा चाँदनी नगरपालिका-१ भूमिराज टोलका ६० वर्षीय राम खड्का २०२२ सालमा डोटीको सिलगढीबाट बसाइँ सरेर यहाँ आउनुभयो । डोटीमा खेती गर्न जग्गा नभएपछि यहाँ आएका खड्का दुई बिघा जमिनमा खेती गर्दै आउनुभएको छ।



सुक्खा बन्दरगाह निर्माणपछि यहाँ ठूला उद्योग खुल्ने सुनेका उहाँमा स्थानीयस्तरमै रोजगारी पाउने आशा पलाएको छ । घर छेउमै सुक्खा बन्दरगाह निर्माणको थालनी भएपछि यहाँका युवाले रोजगारीका लागि भारतीय सहर जानुनपर्ने बाध्यता हट्ने आशा छ । "त्यसबेला सडक, बिजुली बत्ती केही थिएन, जङ्गली जनावर र भारतीय लुटेराको डर हुन्थ्यो", उहाँले विगत सम्झिँदै भन्नुभयो, "यसरी घर छेउमै सुक्खा बन्दरगाह निर्माण होला भनेर सोच्न पनि सकेका थिएनौँ ।" दोधारा चाँदनीमा बन्दरगाह निर्माणका लागि रुख कटानको काम सुरू भएको छ।

बन्दरगाहकै लागि महाकाली नदीमा चार लेनको पक्की पुल र पूर्वपश्चिम राजमार्गको गड्डाचौकीबाट सुक्खा बन्दरगाह निर्माणस्थलसम्म छ लेनको सडक बनेको छ।

उहाँका छोरा महाकाली चार लेन पुल निर्माण कम्पनीको टिपर चलाउँथे । पुलको काम सम्पन्न भएपछि अहिले घरमै बेरोजगार छन् । बन्दरगाह निर्माण सुरू भएपछि छोराले पुनः घर नजिकै रोजगारी पाउने आशा उहाँको छ। "बन्दरगाह बनेपछि घर नजिकै हामीले पनि रोजगारी पाउने आशा गरेका छौँ", उहाँले भन्नुभयो, "धेरै पहिलादेखि बन्छबन्छ भन्थे अहिले बन्दरगाह निर्माणका लागि रुख कटान गर्न थालेपछि यहाँका स्थानीयमा रोजगारी पाउने आशा जागेको छ।

" उहाँले महाकाली नदीमा पुल र चाँदनीसम्म छ लेनको कालोपत्र सडक बनेपछि यहाँको मुहार परिवर्तन भएको बताउनुभयो । "दुई बिघा जग्गा छ, पहिलेको जस्तो उत्पादन पनि हुँदैन", खड्काले भन्नुभयो, "बन्दरगाह निर्माणले यहाँको आर्थिक अवस्था परिवर्तन होला भन्ने पर्खाइमा छौँ ।"

यहाँ सुक्खा बन्दरगाह बन्ने भएपछि दोधारा चाँदनीको स्वरूप परिवर्तन भएको छ । "विगतमा महेन्द्रनगर आवतजावत गर्न भारतीय बाटो शारदा ब्यारेज भएर जानुपर्थ्यो," चाँदनीका स्थानीय नीरज भट्टले भन्नुभयो, "पक्की पुल र सुक्खा बन्दरगाह बन्ने भएपछि आवतजावतमा सहज त भयो नै जग्गाको मूल्यवृद्धि र रोजगारीको बाटा खुलेका छन् ।" दोधारा चाँदनीका अधिकांश युवा रोजगारीका लागि भारतका विभिन्न सहर धाउनुपर्ने बाध्यता रहेको बताउँदै सुक्खा बन्दरगाह बनाउँदा स्थानीयलाई रोजगारीको सबैभन्दा ठूलो आशा रहेको उहाँको भनाइ छ।

सुक्खा बन्दरगाह निर्माणसँगै पश्चिमी नाका सञ्चालनमा आए सुदूरपश्चिमको सम्भावनाको ढोका खुल्ने नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य जङ्गबहादुर मल्लको बुझाइ छ । उहाँले भारतको राजधानी नयाँ दिल्ली र उत्तराखण्डस्थित औद्योगिक क्षेत्र रुद्रपुरसम्म सहज पहुँच हुने हुँदा सुदूरपश्चिमको विकासमा ठूलो योगदान मिल्ने बताउनुभयो । "रुद्रपुर भारतकै ठूलो औद्योगिक क्षेत्र हो, नेपालको गड्डाचौकीनाकाबाट भारतको औद्योगिक क्षेत्र पुग्न दुई घण्टा लाग्छ तर यति छोटो दूरीमा रहेको औद्योगिक क्षेत्रसँग सुदूरपश्चिमले अहिलेसम्म व्यापारिक कारोबार गर्न पाएको छैन", उहाँले भन्नुभयो, "सुक्खा बन्दरगाह र एकीकृत जाँचचौकी निर्माणसँगै पश्चिमी नाका सञ्चालनमा आएपछि यस क्षेत्रको व्यापार विस्तारको ढोका खुल्छ र रोजगारीको अवसर सृजना हुन्छन् ।"

नेपाल इन्टरमोडल यातायात विकास समितिले बन्दरगाह निर्माणका लागि गौरीशङ्कर सामुदायिक वनमा रुख कटानको काम सुरू गरेको छ। समितिका इञ्जिनियर अनिश केसीले बन्दरगाह निर्माणका लागि एक हजार ५९३ रुख काट्नका लागि रु ४१ लाखमा ठेक्का सम्झौता भएर रुख कटानको काम भइरहेको जानकारी दिनुभयो।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण हुने सुक्खा बन्दरगाहका लागि नेपाल सरकार र भारत सरकारबीच जुन १, २०२३ मा समझदारीपत्रमा हस्ताक्षर भएको थियो । सोही सम्झौताअनुसार दुवैतर्फबाट काम भइरहेको छ।

भारतीय पक्षले बन्दरगाह निर्माणका लागि दुई अर्ब ५४ करोड ३१ लाख ९९ हजार भारतीय रुपैयाँ लागतमा बोलपत्र आह्वान गरिसकेको छ। सुक्खा बन्दरगाहस्थल खाली गरेर भारतीय पक्षलाई हस्तान्तरण भएपछि पूर्वाधार निर्माणको काम सुरु हुने छ।

बन्दरगाह निर्माणका लागि प्रयोग हुने ४२ दशमलव ३६ हेक्टर क्षेत्रफलमा दुईवटा गोदाम भवन, भन्सार चेकजाँच भवन, क्वारेन्टाइन भवन, इमिग्रेसन भवन, सुरक्षा भवनलगायत पूर्वाधार निर्माण हुने इन्टरमोडल यातायात विकास समितिले जनाएको छ।

सुक्खा बन्दरगाह निर्माणसँगै पश्चिममी नाका सञ्चालनमा आए सुदूरपश्चिम विकासको सम्भावनाको ढोका खुल्ने अपेक्षा गरिएको छ ।रासस

# सागसब्जी र फलफूलको अधिकतम थोक मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शुक्रबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो।

गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ७०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु ६०, गोलभैँडा सानो (भारतीय) प्रतिकिलो रु ३५, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु ४५, आलु रातो प्रतिकिलो रु ३६, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ३८, गाजर (लोकल) प्रतिकिलो रु ६०, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु १५, काउली (स्थानीय) प्रतिकिलो रु ७०, मूला रातो प्रतिकिलो रु ४०, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ३५, भन्टा डल्लो प्रतिकिलो रु ४०, तने बोडीको मूल्य प्रतिकिलो रु ८० कायम गरिएको छ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु १००, घिउ सिमी (लोकल) प्रतिकिलो रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ६०, भटमास कोसा प्रतिकिलो रु १५०, तितो करेला प्रतिकिलो रु २०, लौका प्रतिकिलो रु २५, परबर (लोकल) प्रतिकिलो रु ५०, परबर (तराई) प्रतिकिलो रु ६०, चिचिण्डो प्रतिकिलो रु ४०, घिरौला प्रतिकिलो रु ३०, झिगुनी प्रतिकिलो रु ८०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु २५, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३०, सलगम प्रतिकेजी रु ८०, भिण्डी प्रतिकिलो रु ४५ कायम गरिएको छ।

यस्तै, सखरखण्ड प्रतिकिलो ६०, बरेला प्रतिकिलो रु ५०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ५०, रायो साग प्रतिकिलो रु ६०, पालुङ्गो साग प्रतिकिलो ८०, चमसुरको साग रु ८०, तोरीको साग प्रतिकिलो रु ३५, मेथीको साग प्रतिकिलो रु ८०, प्याज हरियो प्रतिकिलो रु ५०, बकुला प्रतिकिलो रु ५०, च्याउ (कन्य) प्रतिकिलो रु १८०, च्याउ (डल्ले) प्रतिकिलो रु ३५०, कुरिलो प्रतिकिलो रु ६०० निर्धारण गरिएको छ।

निगुरो प्रतिकिलो रु ४५, ब्रोकाउली प्रतिकिलो रु ८०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु ८०, कोइरालो प्रतिकिलो रु १८०, रातो बन्दा प्रतिकिलो रु ६०, जिरीको साग प्रतिकिलो रु ६५, ग्याठकोभी प्रतिकेजी रु ६०, सेलरी प्रतिकिलो रु २००, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु १००, पुदिना प्रतिकिलो रु २४०, गान्टे मूला प्रतिकिलो रु ५०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १४० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३४०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २८०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, भारतीय सुन्तला रु १४०, तरबुजा हरियो प्रतिकिलो रु ५०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु ६०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ३०, रुख कटहर प्रतिकिलो रु ८०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, स्ट्रबेरी (भुइँऐसेलु) प्रतिकिलो रु २५०, किबी प्रतिकिलो रु ४६०, आभोकाडो प्रतिकिलो रु ६४० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकिलो रु १२०, खुर्सानी सुकेको प्रतिकिलो रु ४२०, खुर्सानी हरियो प्रतिकिलो रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ७०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ५०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ४००, भेडे खुर्सानी प्रतिकिलो रु ७५, लसुन हरियो प्रतिकिलो रु १००, हरियो धनिया प्रतिकिलो रु १००, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३००, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४० । रासस

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय मिर्चैया, सिराहाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०१/२७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

**१.** सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३ साल मंसिर महिना २७ गते रोज २ मा दर्ता नं. १५९९५२/०७३/०७४ तथा आन्तरिक राजश्व कार्यालय लाहानमा मिति २०७३/०९/२० मा स्थायी लेखा नम्बर (PAN) ६०४३६६२९८ अन्तर्गत दर्ता कायम भएको **ए.बि. समाज डेन्टल केयर प्रा.लि. ।**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. मनी चौधरीको नाति, दशरथ चौधरी सुडीको छोरा, सिरहा जिल्ला, साविक कर्जन्हा गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, कर्जन्हा गा.पा./न.पा. वडा नं. ९ बस्ने **इन्द्रजित चौधरी** (ना.प्र.नं. ४४७७८२९१, जारी मिति २०६०/०९/२८, जि.प्र.का. सिरहा) ।

२. विलाट चौधरीको नाति, मनी चौधरीको छोरा, सिरहा जिल्ला, साविक करजन्हा गा.वि.स./न.पा. वडा नं. ७, स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, कर्जन्हा गा.पा./न.पा., वडा नं. ९ बस्ने **दशरथ चौधरी सुडी** (ना.प्र.नं. ४४७७२८४६/३३१, जारी मिति २०३६/०४/१६, जि.प्र.का. सिरहा) ।

३. दशरथ चौधरी सुडीकी बुहारी, इन्द्रजित चौधरीकी पत्नी, सिराहा जिल्ला, कर्जन्हा गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, कर्जन्हा गा.पा./न.पा. वडा नं. ९ बस्ने **पिंकी कुमारी साह** (ना.प्र.नं. १५-०१-७४-०४९३३, जारी मिति २०७४/०४/२२, जि.प्र.का. सिरहा) ।

४. मनि चौधरीकी बुहारी, दशरथ चौधरी सुडीकी पत्नी, सिराहा जिल्ला, कर्जन्हा न.पा./गा.वि.स. वडा नं. ९, स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, कर्जन्हा गा.पा./न.पा. वडा नं. ९ बस्ने **उर्मिला देवी सुडिन** (ना.प्र.नं. ४४७७३८४७, जारी मिति २०४३/१०/११, जि.प्र.का. सिरहा) ।

**धितोको विवरण**

धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी ए.बि. समाज डेन्टल केयर प्रा.लि. कायम भएको यातायात व्यवस्था कार्यालय, जनकपुरधाममा दर्ता कायम रहेको तपसिल बमोजिमको सवारी साधन :

| सवारी मोडेल | सवारी दर्ता नं. | ईन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|
| New Ford Free Style Titanium | प्र.२ ०२ ००१ च ०२२२ | KT29977 | MAJGXXMTKGKT29977 |

**ऋणीको विवरण**

**२.** सिराहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स./न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा मिति २०७० साल जेष्ठ महिना २६ गते रोज १ मा प्रा.फ.र.नं. ३०१२/०६९/०७० तथा आन्तरिक राजश्व कार्यालय लाहानमा मिति २०६०/०८/१६ मा स्थायी लेखा नम्बर (PAN) ३००४९१५९३ अन्तर्गत दर्ता कायम भएको **रमेश फेन्सी जेनरल स्टोर्स** ।

**प्रोप्राइटर : रमेश्वर गोसाई**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. नारायण गोसाईको नाति, हजारी गोसाईको छोरा, सिराहा जिल्ला, साविक कल्याणपुर जब्दी गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **रमेश्वर गोसाई** (ना.प्र.नं. १२३९/८६८, जारी मिति २०५२/०८/१७, जि.प्र.का. सिराहा) ।

२. हजारी गोसाईको बुहारी, रमेश्वर गोसाईको पत्नी, सिराहा जिल्ला, साविक रामनगर मिर्चैया गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **ललिता गोसाई** (ना.प्र.नं. १५३०९०/२३६, जारी मिति २०६३/१२/१२, जि.प्र.का. सिराहा) ।

३. हजारी गोसाईको नातिनी, रमेश्वर गोसाईको छोरी, सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **जुही कुमारी गोस्वमी** (ना.प्र.नं. १५-०१-७४-०७६९७, जारी मिति २०७४/०७/१३, जि.प्र.का. सिरहा) ।

**धितोको विवरण**

१. रमेश्वर गोसाई (ना.प्र.नं. १२३९/८६८, जारी मिति २०५२/०८/१७, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं ४ ख स्थित कि.नं. १२१, ३००८ र ३००६ को क्षेत्रफल क्रमशः ०-०-४ ३/४, ०-०-२ १/२, र ०-०-२ १/२ (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. रमेश फेन्सी जेनरल स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank

शाखा कार्यालय : मिर्चैया, सिराहा
फोन नं. ०३३-५५००८४
Website : www.siddharthabank.com

## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि शाखा कार्यालय, सिरहाको ३५ दिने सूचना

(सूचना प्रकाशन मिति २०८२/०१/२६)

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा, यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**तपसिलः**

**सम्बन्धित कार्यालयः शाखा कार्यालय सिराहा ।**

| ऋणीको नाम | ठेगाना | दर्ता नं. र मिति | दर्ता भएको कार्यालय | पान र जारी मिति | साँवा रकम रु. | २०८१/१२/३१ सम्मको ब्याज |
|---|---|---|---|---|---|---|
| सिधु माछा तथा कृषि फर्म | बिष्णुपुर-०३, सिरहा | १४७५०/०७९/८० र २०७९/०६/०९ | घरेलु तथा साना उद्योग कार्यालय, लहान सिरहा | ६१८८३६६८८ /२०७९-०६-०९ | ७०,००,०००/- | ६,४८,६२२/- |

१. ग्राहकको नामः सिधु माछा तथा कृषि फर्म, कर्जाको उद्देश्यः सहुलियत कर्जा र आवधिक कर्जा९५२००४७८०

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | पतिको नाम | ससुराको नाम |
|---|---|---|---|---|---|
| रिंकु कुमारी यादव | बिष्णुपुर-०३, सिरहा | १७३०३२-२३८ | सिराहा र २०६४/०१/३१ | सुरेस कुमार यादव | जागेश्वर यादव |

२. ग्राहकको नामः ज्वाला कृषि फर्म, कर्जाको उद्देश्यः सहुलियत कर्जा र आवधिक कर्जा, ९५१९०५०६०

| नाम | ठेगाना | दर्ता नं. र मिति | दर्ता भएको कार्यालय | पान र जारी मिति | साँवा रकम रु. | २०८१/१२/३१ सम्मको ब्याज |
|---|---|---|---|---|---|---|
| ज्वाला कृषि फर्म | सिरहा ०१, सिरहा | १४७६५/०७९/८० र २०७९/०६/११ | घरेलु तथा साना उद्योग कार्यालय, लहान सिरहा | ३०११४०३०५ र २०५०-०२-०२ | ६९,९०,०००/- | ४,४१,६१६/- |

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| उपेन्द्र कुमार यादब | सिरहा ०१, सिरहा | १०७३ | सिराहा र २०३७/११/१८ | बलदेब यादव | सुन्दर यादव |

प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम

३. ग्राहकको नामः निर्मला कुमारी यादव, कर्जाको उद्देश्यः व्यवसाय कर्जा, ९११४३८९८०

| ग्राहकको नाम | ठेगाना | नागरीकता नं. | जारी भएको जिल्ला र मिति | पिता/पतिको नाम | बाजेको नाम | साँवा रकम रु. | २०८१/१२/३१ सम्मको ब्याज |
|---|---|---|---|---|---|---|---|
| निर्मला कुमारी यादव | सिरहा-०३ सिरहा | १५१०८७/१६७४९ | सिरहा र २०६९/०५/३० | जिवछ प्रसाद यादब/सोधु यादव | धर्मनाथ यादव | १५०००००/- | ३,४३,९६६/- |

४. ग्राहकको नामः बालेश्वर यादव, कर्जाको उद्देश्यः सरल कृषि कर्जा, ९५१९१७९९०

| नाम | ठेगाना | नागरीकता नं. | जारी भएको जिल्ला र मिति | पिताको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | २०८१/१२/३१ सम्मको ब्याज |
|---|---|---|---|---|---|---|---|---|
| बालेश्वर यादव | थलाहाकटाहा-०५, सिरहा | ९८४४ | सिरहा र २०४१-०३-२७ | अनुरुध कुसियैत | सुनर कुसियैत यादव | सरल कृषि कर्जा | २०,००,०००/- | ५,८५,६३१/- |

५. ग्राहकको नामः राम उदगार यादव, उद्देश्यः सरल कृषि कर्जा, ९१८४२८६०

| नाम | ठेगाना | नागरीकता नं. | जारी भएको जिल्ला र मिति | पिताको नाम | बाजेको नाम | साँवा रकम रु. | २०८१/१२/३१ सम्मको ब्याज |
|---|---|---|---|---|---|---|---|
| राम उदगार यादव | लक्ष्मीपुर-०३ सिरहा | १५५११/२०१ | सिरहा र २०४८-०८-०९ | वुचन यादब | शिवनाथ यादव | १०,००,०००/- | ३,००,४७१/- |

६. ग्राहकको नामः मीना देवी यादव, कर्जाको उद्देश्यः सरल कृषि कर्जा, ९१८२८९७९०

| नाम | ठेगाना | नागरीकता नं. | जारी भएको जिल्ला र मिति | पिता/पतिको नाम | ससुराको नाम | साँवा रकम रु. | २०८१/१२/३१ सम्मको ब्याज व्याज |
|---|---|---|---|---|---|---|---|
| मीना देवी यादब | लक्ष्मीनिया ४ सिरहा | ६१८/३५९८ | सिरहा र २०५५-०५-१९ | बिसुन यादव/सुर्य नाथ यादव | राम चन्द्र यादव | ९,६३,४३५/- | १,११,८५२/- |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# मेयर कप टी-२० को पहिलो दिनको खेलमा महोत्तरी र सर्लाहीको जित

**टुडे समाचारदाता**




जनकपुरधाम । रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंगशालामा सुरु भएको तेस्रो जनकपुरधाम मेयर कप टी-२० क्रिकेट प्रतियोगिता उत्कृष्ट प्रदर्शनका साथ महोत्तरी र सर्लाहीको जितसँगै सुरु भएको छ।

प्रतियोगिताको उद्घाटन खेलमा महोत्तरीले प्रतिद्वन्द्वी धनुषालाई ४४ रनको अन्तरले पराजित गर्दै विजयी शुरुवात गरेको हो । टस जितेर पहिला ब्याटिङ रोजेको महोत्तरीले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै १६२ रनको बलियो योगफल खडा गर्यो । टोलीका लागि अभिषेक तिवारीले ४९ रनको उत्कृष्ट पारी खेले भने नवीन यादव ४६ रनमा अविजित रहे।

धनुषाको बलिङ कमजोर देखिए पनि मयन यादवले केही समय टिकाउ प्रदर्शन गर्दै २६ रन जोड्न सफल भए। तर टोलीका अन्य ब्याट्सम्यानहरूले निरन्तर विकेट गुमाउँदा धनुषाको इनिङ्स ११८ रनमै समाप्त भयो।

महोत्तरीको जितमा निर्णायक भूमिका खेलेका रमेश सहनीले ४ ओभरमा जम्मा १६ रन खर्चेर ४ महत्वपूर्ण विकेट लिए । उनको घातक बलिङ स्पेलका कारण धनुषाको पारी कमजोर साबित भएको हो । उत्कृष्ट प्रदर्शनका आधारमा सहनी 'म्यान अफ द म्याच' घोषित भए।

त्यस्तै, उद्घाटन दिनको दोस्रो खेलमा सर्लाहीले प्रतिस्पर्धी सप्तरीलाई ५ विकेटले पराजित गर्यो । पहिले ब्याटिङ गरेको सप्तरीले ९ विकेट गुमाउँदै १५२ रन बनायो । सप्तरीका भोला साहले ३१ रन र पप्पु यादवले ३० रन बनाए।

१५३ रनको लक्ष्य लिएर मैदानमा उत्रेको सर्लाहीले १८.३ ओभरमै लक्ष्य पूरा गर्दै रोमाञ्चक जित हात पार्यो । सर्लाहीका जितेश मण्डलले आक्रामक ब्याटिङ गर्दै ३२ बलमा २ चौका र ३ छक्का सहित ४४ रनको अविजित पारी खेले । उत्कृष्ट प्रदर्शनका लागि उनी 'म्यान अफ द म्याच' बने। बलिङतर्फ सर्लाहीका विशाल पटेलले पनि ४ ओभरमा १६ रन खर्चेर २ विकेट लिएर उल्लेखनीय योगदान दिएका थिए।

प्रतियोगिताअन्तर्गत शनिबार पहिलो खेल बिहान ९ बजे भारतको पूर्णिया र महोत्तरीबीच हुनेछ । दोसो खेल भने दिउँसो १ बजे सप्तरी र भारतकै मुज्जफरपुरबीच हुने आयोजकले जानकारी दिएको छ।

जनकपुरधाममा आयोजना गरिएको मेयर कपले सीमावर्ती क्षेत्रमा रहेको खेलाडी प्रतिभालाई प्रदर्शन गर्ने अवसर प्रदान गर्दै आएको छ । रंगशालामा दर्शकहरूको उत्साहजनक उपस्थिति देखिएको छ भने आयोजकले प्रतियोगिता व्यवस्थित र मर्यादित रुपमा सञ्चालन भइरहेको जनाएको छ।

# मोटरसाईकल दुर्घटनामा स्थानीयको मृत्यु

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको कटहरिया नगरपालिका-४ स्थित लालबकैया नदीको पुल छेउमा सशस्त्र प्रहरीको मोटरसाईकलसँग ठक्कर खाएर घाइते भएका एक स्थानीयको उपचारको क्रममा मृत्यु भएको छ।

सशस्त्र प्रहरी बल बेस क्याम्प दुधियाभारमा कार्यरत हवलदार सुवास सिंहले चलाएको बा ८४ प ७३८३ नम्बरको मोटरसाईकल र विपरीत दिशाबाट आउँदै गरेको विआर ३००-७९३६ नम्बरको मोटरसाईकल बुधबार दिउँसो पुलको पूर्वपट्टि दुई सय मिटरको दूरीमा ठोक्किएका थिए।

दुर्घटनामा गम्भीर घाइते भएका विआर ३००-७९३६ नम्बरको मोटरसाईकल चालक, फतुवा विजयपुर-४ टेंग्राहाका ५० वर्षीय अनुठा राय यादवको उपचारका क्रममा गण्डक अस्पताल, वीरगञ्जमा राति मृत्यु भएको जिल्ला प्रहरी प्रवक्ता डिएस्पी दीपक कुमार रायले जानकारी दिए।

मृतकको शव पोष्टमार्टमका लागि नारायणी अस्पताल, वीरगञ्ज पठाइएको छ । घटनासम्बन्धी कुनै लिखित उजुरी नआएकाले उजुरी परेपछि मात्र थप अनुसन्धान र कानुनी प्रक्रिया अघि बढाउने प्रहरी प्रवक्ताको भनाइ छ।

यसैबीच, आमजनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले बिहीबार प्रतिनिधि सभामा घटनाबारे सरकारलाई जानकारी गराउँदै सशस्त्र प्रहरीद्वारा जबरजस्ती दुर्घटना गराइएको आरोप लगाउँदै छानबिन र दोषीमाथि कारबाहीको माग गरेका छन्। उनले मधेशमा सशस्त्र प्रहरी कमिसनको लोभमा किसान, व्यापारी र सर्वसाधारणलाई दुःख दिने गरेको भन्दै तत्काल त्यस्ता गतिविधि रोक्नुपर्ने माग पनि राखे।

सशस्त्र प्रहरी बल मधेश प्रदेश कार्यालय बर्दिवासका प्रवक्ता एसएसपी सुरजसेन ओलीले मृतकका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराइने जानकारी दिएका छन् । उनले प्रहरीले गरिरहेको अनुसन्धानको निष्कर्षअनुसार आवश्यक कारबाही हुने बताए।



**के हो घटना ?**

बुधबार अपराह्न साढे तीन बजे तिर ग ४ प ४०७३ नम्बरको मोटरसाईकलमा भन्सार छलीका किराना सामान बोकेर कटहरिया-४ लालबकैया पुलतर्फ आइरहेको थियो। पुलको पश्चिम किनारमा बसेका सशस्त्र प्रहरी बेस क्याम्प दुधियाभारका गस्ती टोलीले मोटरसाईकल रोके पनि तस्करले 'तुफान' कुदाएका थिए।

सशस्त्र प्रहरी हवलदार सिंहले बा ८४ प ७३८३ नम्बरको मोटरसाईकलमा अर्का जवानसहित तस्करको पछाडि लाग्दा, सामुन्ने बाट आइरहेका विआर ३००-७९३६ नम्बरको मोटरसाईकल र ग ४प ४०७३ नम्बरको मोटरसाईकल ठोक्किएका थिए। प्रत्यक्षदर्शीका अनुसार तस्कर भने घटनास्थलबाट भाग्न सफल भएका थिए।

दुर्घटनामा अनुठा यादवको टाउको लगायत शरिरका अन्य भागमा गम्भीर चोट लाग्यो भने पछाडि सवार ४० वर्षीय जिनिस साहलाई सामान्य चोट लागेको थियो। दुर्घटनापछि आक्रोशित स्थानीयहरूले सशस्त्र प्रहरीका जवानलाई निर्घात कुटपिट गरेका थिए। साथै ईलाका प्रहरी कार्यालय कटहरियाका गस्ती टोलीमाथि पनि हातपात भएको थियो।

उत्तेजित भीडले लालबकैया नदीको पुलमार्गसमेत अबरुद्ध गर्दै दोषीमाथि कारबाहीको माग गरे। पछि ईलाका प्रहरी कार्यालय गरुडाबाट इन्स्पेक्टर ओमप्रकाश यादवको कमाण्डमा पुगेको टोलीले अवस्था नियन्त्रणमा लिँदै तीनवटै मोटरसाईकल नियन्त्रणमा लिएको थियो।

# सुरक्षा सतर्कता बढाउन निर्देशन



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री एवम प्रदेश सरकारका प्रवक्ता राजकुमार लेखीले नेपाल-भारतको सीमा क्षेत्रमा सुरक्षा सतर्कता बढाउन निर्देशन दिएका छन्।


शुक्रबार बसेको प्रदेश सुरक्षा समितिको बैठकमा उनले यस्तो निर्देशन दिदै छिमेकी मुलुक भारतको पहलगाममा भएको हमलापछि विकसित भारत-पाकिस्तान घटनाक्रमलाई मध्यनजर गर्दै नेपाल-भारतको सिमा क्षेत्रमा सुरक्षा सतर्कता बढाउन निर्देशन दिएको जानकारी दिए।

उनले भने, "दुई देशको तनावपछि नेपाली भूमिबाट आतंकवादी संगठनले आपराधिक गतिबिधि गर्न सक्छन् । त्यस्ता गतिविधि हुन नदिन समयमै सुरक्षा सतर्कता बढाउनुपर्छ।"

उनले मधेश प्रदेशका चारवटै सुरक्षा निकायलाई त्यस्ता गतिविधि हुन दिनका लागि सीमा क्षेत्रमा निगरानी बढाउन निर्देशन दिए। मन्त्री लेखीले सुरक्षा समितिको बैठकमा "हाम्रो भूमि कुनै पनि हालतमा आतंककारी गतिबिधिका लागि प्रयोग हुन दिनु हुँदैन, तसर्थ सबै सुरक्षा निकाय सतर्क रहनुपर्छ" भने।

बैठकमा सीमा सुरक्षा, लागुऔषध दुर्ब्यसन, बिपद ब्यबस्थापनलगायतका विषयमा छलफल भएको गृह सञ्चार तथा कानुनमन्त्री लेखीले बताए। बैठकमा गृह, सञ्चार तथा कानुन मन्त्रालय मधेश प्रदेशका सचिव विमलप्रसाद बडाल र चारवटै सुरक्षा निकायका प्रमुख एवम पदाधिकारी र मन्त्रालयका उच्च अधिकारीको उपस्थिति रहेको थियो।

# क्याम्पसविरुद्धको निवेदनमा लिखित जवाफ पेश गर्न आदेश




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पसमा स्ववियु चुनाव माग गर्दै उच्च अदालत जनकपुरमा रिट दायर गरिएको छ।

उच्च अदालत जनकपुरले रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पसविरुद्धको उत्प्रेषण परमादेशसम्बन्धी निवेदनमा विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश दिएको छ।

उच्च अदालत जनकपुरका इजलास नं. ५ का न्यायाधीश ध्रुव कुमार पियाको इजलासले रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पस जनकपुरधामविरुद्ध शैलेन्द्र कुमार मण्डलले दायर गरेको उत्प्रेषण परमादेशसम्बन्धी निवेदनमा विपक्षी पक्षलाई यस्तो आदेश दिएको हो।

शैलेन्द्र मण्डलले अदालतमा निवेदन दर्ता गराउँदै आफूले पाएको अधिकारमा हस्तक्षेप भएको भन्दै न्यायिक पुनरावलोकनको माग गरेका थिए। उनको तर्फबाट अधिवक्ता विमल कुमार मिश्रले अदालतमा निवेदनको समर्थनमा वहस प्रस्तुत गरेका थिए। वहसपछि अदालतले निवेदनका साथै मिसिलमा संलग्न प्रमाण र कागजात अध्ययन गरेको जानकारी दिएको छ।

आदेशमा भनिएको छ, 'यसमा के कसो भएको हो? निवेदन माग बमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो? आदेश जारी गर्नु नपर्ने कुनै आधार र कारण भए सो समेत उल्लेख गरी विपक्षी पक्षले १५ दिनभित्र आफैं वा आफ्नो कानुनी प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नुपर्छ।'

अदालतले हालसम्मको प्रस्तुत स्थितिबाट तत्काल अन्तरिम आदेश जारी गर्नु पर्ने अवस्था देखिएको छैन भन्दै निवेदकको मागअनुसार अन्तरिम आदेश जारी नगर्ने निर्णय पनि गरेको छ।

यस आदेशसँगै निवेदनपत्रको प्रतिलिपि समेत विपक्षी पक्षलाई प्रदान गरिनेछ र अदालतको म्याद सूचना जारी गरी कानुनी प्रक्रिया अगाडि बढाइनेछ। लिखित जवाफ प्राप्त भएपछि मात्र निवेदनको अन्तिम निर्णय नियमानुसार गरिनेछ।

# नाबालिगमाथि जबर जस्ती करणीको आरोप

**टुडे समाचारदाता**



जनकपुरधाम । महोत्तरीको भंगाहा नगरपालिका-९ की एक १७ वर्षीया किशोरीमाथि जबरजस्ती करणी गरिएको आरोपसहित उनकी आमाले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा जाहेरी दर्ता गराएकी छन्। जाहेरी अनुसार किशोरीलाई विवाहको प्रलोभन देखाई धनुषाको लक्ष्मीनिया गाउँपालिका-२ सिनुरजोडाका नइम कवारीले जबरजस्ती करणी गरेको आरोप लगाइएको छ।

पीडितकी आमा रफिदा खातुनले शुक्रबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गर्दै छोरीमाथि करणीको जाहेरी दिएपनि अहिले सम्म कुनै कारवाही नगरिएको बताईन। उनले दिएको जाहेरीअनुसार, उनीकी छोरी गाउँकै विद्यालयमा कक्षा ८ मा अध्ययनरत छिन्। मोबाइलमार्फत संचार हुँदै जाँदा विपक्षी नइम कवारीसँग चिनजान भएको र पछिल्लो समय नियमित सम्पर्क भइरहने गरेको थियो। विपक्षीले विवाहको झूटो आश्वासन दिँदै पीडितलाई २०८१ साल माघ ४ गते दिउँसो २ बजे बाँसघारी क्षेत्रको एकान्त स्थानमा बोलाई जबरजस्ती करणी गरेको आरोप लगाइएको छ।

घटनापछि पीडित किशोरीको मानसिक अवस्था बिग्रिएको र उनी निकै आघातमा रहेको पीडितकी आमाले वताएकी छन् ।पीडित पक्षले मुलुकी अपराध संहिता २०७४ को दफा २१९ बमोजिम विपक्षीमाथि कानुनी कारबाहीको माग गर्दै हदैसम्मको सजाय र क्षतिपूर्ति समेत माग गरेकी छन् ।जिल्ला प्रहरी कार्यालय महोत्तरीले घटना सम्बन्धमा अनुसन्धान अघि बढाइएको जनाएको छ।

# बलरामा झडप हुँदा १३ जना घाइते

**टुडे समाचारदाता**

मलंगवा ।सर्लाहीको बलरा नगरपालिका-१०, सुदामा टोलमा शुक्रबार दुई पक्षबीच झडप हुँदा १३ जना घाइते भएका छन्। स्थानीय सुवोध पासवान र भोला पासवान पक्षबीच पुरानो रिसिबीका कारण झडप तथा कुटपिट हुँदा १३ जना घाइते भएका हुन्।

झडपमा सुवोध पासवान पक्षबाट ७० वर्षका सुवोधसहित १५ वर्षीय शिवसागर पासवान, ४७ वर्षीय दिनेश पासवान, ३० वर्षीय हरेन्द्र पासवान, ७५ वर्षीय लखचन पासवान र १८ वर्षीय अंगद पासवानसहित छ जना घाइते भएका प्रहरीले जनाएको छ।

यसैगरी, घाइते छ जनाको प्रादेशिक अस्पताल मलङ्गवामा उपाचार भइरहेको छ। त्यस्तै भोला पासवान पक्षबाट ७० वर्षीय सन्तलाल हजारी, सन्तलालका छोरा ३५ वर्षीय रुपेश हजारी, ५१ वर्षीय मुकेश हजारी, सन्तलालका भिनाजु भारतीय नागरिक ३५ वर्षीय वीरेन्द्र पासवान, २८ वर्षीया निक पासवान, २५ वर्षीया कामनी देवी र ३० वर्षीया पूजा देवी घाइते भएका छन्।

भोला पासवान पक्षका सात जना घाइते छन् भने उपचारका लागि जनकपुरधाम लगेको प्रहरीले जनाएको छ। घाइते सबैको टाउको र खुट्टामा चोट लागेको छ।

# भन्सार छलीको सामानसंगै मोटरसाइकल बरामद

**टुडे समाचारदाता**




रौतहट। जिल्ला प्रहरी कार्यालय रौतहटको गस्ती टोलीले भन्सार छलीको विभिन्न सामान सहित तीनथान मोटरसाइकल बरामद गरेको छ।

ईशनाथ नगरपालिका १ स्थित भारतबाट अवैध रुपमा ल्याइएको कपडा, किराना, लगायतका सामान बोकेको तीनथान मोटरसाइकल बरामद गरेको हो। तस्करीको सामान बोक्न प्रयोग गरिएको विआर ०६ ,७१४५, विआर ०५ एएम ६२५० र एउटा नम्बर नभएको मोटरसाइकल प्रहरीले बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी दीपक कुमार रायले बताएका छन्। त्यसैगरी जिल्लाको बिभिन्न स्थानबाट प्रहरीले बिहीबार एकलाख २६ हजार बराबरको किराना लगायतको सामान बरामद गरेको छ।

बरामद कपडा, किराना लगायतका सामान संगै तीनवटै मोटरसाइकलको कुल चारलाख ४२ हजार रुपैयाँ मूल्यांकन सहित आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको छ।

# लोसपा अध्यक्ष ठाकुर र भाजपा नेता कोशियारीबीच भेटवार्ता

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) का केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले शुक्रबार भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा पूर्व महाराष्ट्र मुख्यमन्त्री भगत सिंह कोशियार ीसँग शिष्टाचार भेट गरेका छन्।

भेटमा नेपाल-भारतबीचको ऐतिहासिक सम्बन्ध, दुई देशबीचको आपसी सद्भाव र उच्चस्तरीय मित्रतालाई अझ प्रगाढ बनाउने विषयमा गहन छलफल भएको जनाइएको छ। दुबै नेताले सीमा क्षेत्र, सांस्कृतिक सम्बन्ध तथा पारस्परिक सहयोगका विविध आयामहरूबारे विचार-विमर्श गरेका थिए।

भेटवार्तामा लोसपाका महासचिव मनिष कुमार मिश्र पनि सहभागी रहेका थिए।

मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी



कृषि स्नातक (B.Sc. Ag. Hons) तहको पुनः प्रवेश परीक्षाको Online आवेदन फारम भर्ने म्याद थप सम्बन्धी सूचना

शैक्षिक सत्र २०८१/०८२ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८२/०१/२२ गतेदेखि मिति २०८२/०१/३१ गतेसम्म http://entrance.mau.edu.np मा गई Online आवेदन फारम भर्न सूचना प्रकाशन गरिएको छ।

थप जानकारी www.mau.edu.np मा उपलब्ध छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८